जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १२ अंक ५, २०८० साल वैशाख २९ गते शुक्रबार, नेपाल संवत् ११४३ (May. 12, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–


## मिटर ब्याजीलाई कारबाही गर्ने अध्यादेश

काठमाडौं । प्रतिनिधिसभाबाट 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८०' सर्वसम्मतरूपमा स्वीकृत भएको छ । सभाको आजको बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङका तर्फबाट अर्थमन्त्री डा. प्रकाशशरण महतले सो अध्यादेशलाई स्वीकृत गरियोस् भनी प्रस्ताव प्रस्तुत गरेका थिए ।

बैठकमा सभामुख देवराज घिमिरेले सो अध्यादेशलाई अस्वीकार गरियोस् भन्ने सूचना प्राप्त **बाँकी ८ पेजमा**

## भ्रष्टाचारविरुद्ध विद्यार्थी

काठमाडौं । सत्तारुढ गठबन्धनका विद्यार्थी संगठनहरूले भ्रष्टाचारविरुद्ध प्रदर्शन गरेका छन् । बिहीबार भ्रष्टाचारबिरुद्धको अभियानलाई समर्थन गर्दै नेपाल विद्यार्थी संघ, अनेरास्ववियु क्रान्तिकारी र नेकपा (एकीकृत समाजवादी) निकट अनेरास्ववियुले बिरोध गरेको हो ।

नक्कली भूटानी शरणार्थी प्रकरणबारे अनुसन्धान गरी भ्रष्टाचारीलाई कारबाहीको माग गर्दै विद्यार्थी संगठनहरूले बिरोध प्रदर्शन गरेका छन् । उनीहरूले काठमाडौंको भृकुटीमण्डप परिसरमा प्रदर्शन गरेका हुन् ।

प्रर्दशनका क्रममा **बाँकी ८ पेजमा**

# विश्व जगतमै नेपालको बदनाम

## नक्कली भूटानी शरणार्थी प्रकरण



काठमाडौं । नेपाली राजनीतिक वृत्त यतिबेला नक्कली भूटानी शरणार्थी प्रकरणले तातिएको छ । प्रमाणीकरणमा छुटेका भूटानी शरणार्थीहरूका नाममा भएको झन्डै एक अर्ब ठगी घटनामा 'हाइप्रोफाइल' हरू एकपछि अर्को गर्दै तानिन थालेका छन् । प्रहरीले मन्त्रिपरिषद् तथा गृह मन्त्रालयबाट विभिन्न समयमा भएका निर्णय समेत मगाएर अध्ययन गरिरहेको छ । प्रमाणीकरणमा छुटेका शरणार्थीको नाममा गृह मन्त्रालयबाट कार्यदल गठन गर्नेदेखि त्यसको कार्यान्वयन गर्ने सन्दर्भमा पटक पटक निर्णय भएका छन् । ती निर्णयले ठगीमा सघाएको देखिएपछि त्यसैको आधारमा मुद्दा चलाउन मिल्ने नमिल्ने सम्बन्धमा प्रहरीले परामर्श थालेको छ । ठगीमा प्रत्यक्ष रूपमा सघाउने विरुद्ध मुद्दा चलाउने र नीतिगत रूपमा सघाउने विरुद्ध भ्रष्टाचार मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट छानबिन हुनुपर्ने राय आएको प्रहरी स्रोत बताउँछ । पैसा नै लिनेहरूको हकमा भने आफैं मुद्दा चलाउने तयारी प्रहरीले गरेको छ ।

३० जेठ २०७६ मा गृहमन्त्री स्तरको निर्णयबाट भूटानी शरणार्थीसम्बन्धी समस्याको समाधानका लागि कार्यदल गठन भएको थियो । राष्ट्रसंघीय शरणार्थी आयोगले सन् २०१६ डिसेम्बरबाट पुनर्बसोबास कार्यक्रम बन्द गरेपछि झापा र मोरङमा रहेका ६ हजार ५ सय शरणार्थीलाई के कसरी व्यवस्थापन गर्ने भन्ने अन्योल उत्पन्न भएको थियो । त्यही बेला भूटानी मानव अधिकारवादी एवं शरणार्थी नेता टेकनाथ रिजालले शरणार्थी समस्या समाधानका उपाय पहिल्याइदिन लिखित आग्रह गरेपछि गृह मन्त्रालयले पूर्व सहसचिव बालकृष्ण पन्थीको संयोजकत्वमा तीन सदस्यीय कार्यदल बनाएको थियो । त्यसबेला गृह मन्त्रालयको नेतृत्वमा रामबहादुर थापा 'बादल' थिए । गृहसचिव थिए– हाल अख्तियार अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राई । मन्त्रालयका कर्मचारी दीपक न्यौपाने र गणेश केसीलाई गृहमन्त्री थापाले कार्यदल सदस्य बनाएका थिए । केसी हाल ललितपुरको महाकाल गाउँपालिकाका अध्यक्ष समेत हुन् । कार्यदलले २०७६ कात्तिकमा गृह मन्त्रालयमा बुझाएको प्रतिवेदन अझै सार्वजनिक गरिएको छैन । कार्यदलले बुझाएको प्रतिवेदन सुझाव कार्यान्वयन प्रक्रियामा लान मन्त्रिपरिषद् को बैठकमा पठाइएको थियो । बैठकले तत्कालीन गृहमन्त्री रामबहादुर थापा, परराष्ट्रमन्त्री प्रदिप ज्ञवाली र अर्थमन्त्री युवराज खतिवडा सम्मिलित एक समिति बनाएर प्रतिवेदनका सुझावबारे निर्णय दिने भनिएको थियो । पछि त्यो प्रतिवेदन सार्वजनिक पनि गरिएन, कार्यान्वयनका अरु प्रक्रिया पनि अघि बढेनन् ।

सार्वजनिक नभएको त्यही प्रतिवेदनको प्रतिलिपि हात पारेर नक्कली नाम थप्दै केशव दुलाल, सानु भण्डारी लगायतको गिरोहले ठगी धन्दा चलाएको थियो । भूटानी शरणार्थी समस्या समाधानको प्रस्ताव २०७७ चैत ११ गते तत्कालीन गृहसचिव महेश्वर न्यौपानेमार्फत गृहमन्त्री थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राईले स्वीकृत गराई मुख्यसचिव शंकरदास बैरागीको हस्ताक्षर रहेको प्रमाणसमेत देखाइ गिरोहले ठगी धन्दा चलाएको थियो । तत्कालीन गृहसचिव प्रेमकुमार राई समेतलाई पैसा दिनुपर्ने भन्दै २०७६ भदौमा प्रतिव्यक्ति १० लाख उठाइएको भन्दै गिरोहविरुद्ध काठमाडौंका रामशरण केसीले २०७८ मंसिर ३ मा अख्तियारमा उजुरी (सी ०१६१६६) दिए । अख्तियार प्रमुख राईले केसी **बाँकी ८ पेजमा**

## भारतले दिएन उडान अनुमति

काठमाडौं । भारतले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट आफ्नो सहरहरूमा अन्तर्राष्ट्रिय उडानको अनुमति दिन आनाकानी गरेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार बुद्ध एयरले पोखराबाट पहिलो चरणमा बनारस (वारणासी) मा र त्यसपछि दिल्ली र देहरादुनका अन्तर्राष्ट्रिय विमानस्थलहरूमा उडान गर्न अनुमति मागेको थियो ।

हाल काठमाडौंबाट बनारस उडान गरिरहेको बुद्ध एयरले भारतका पर्यटकीय शहरहरूमा पोखराबाट उडान गर्ने योजना बनाएर नेपाल नागरिक उड्डयन प्राधिकरणको सहमतिमा नागरिक विमानन महानिर्देशनालय (डीजीसीए)सँग अनुमति मागेको थियो । अहिलेसम्म भारतले बुद्धको प्रस्तावलाई 'निर्णय **बाँकी ८ पेजमा**

## विशाल नेपाल महाअभियानको दोस्रो बैठक



काठमाडौं । बैसाक २३ गते शनिबारका दिन विशाल नेपाल महाअभियानको दोस्रो बैठक संयोजक सुरेन्द्र ढकालको अध्यक्षतामा सम्पन्न भएको छ । बैठकमा सबैलाई स्वागत गर्दै संयोजक ढकालले विगत धेरै समयदेखि छरिएर विशाल नेपाल आन्दोलनलाई विभिन्न कोणबाट योगदान गर्दै आउनुभएका निम्नलिखित व्यक्तित्वहरूलाई महाअभियानमा औपचारिक रूपमा प्रवेश गराउनु भयो : १) तेजेन्द्र प्रसाई २) विष्णु भट्टराई ३) टिकानाथ ढुंगाना ४) लक्ष्मीदत्त भट्ट ५) लक्ष्मण फुयाल ६) डम्वरविक्रम कार्की ७) राजेन्द्रबहादुर **बाँकी ८ पेजमा**

## धान्नै नसक्ने मूल्यवृद्धि



काठमाडौं । सरकारले मूल्यवृद्धि सात प्रतिशतको सीमाभित्र कायम राख्ने लक्ष्य राखे पनि मूल्यवृद्धिले उक्त सीमा नाघेको छ । नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको चैत महिनासम्मको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनले चैत महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति सात दशमलव ७६ प्रतिशत पुगेको देखाएपछि मूल्यवृद्धिले सीमा नाघेको हो ।

देशका अरु स्थानको तुलनामा काठमाडौं उपत्यकामा सबैभन्दा धेरै महँगी बढेको पनि सो प्रतिवेदनले भनेको छ । नौ महिनामा काठमाडौं उपत्यकामा सबैभन्दा धेरै आठ दशमलव ५७ प्रतिशतको मूल्यवृद्धि देखिएको छ । यो अवधिमा तराई क्षेत्रमा सात दशमलव ६८, पहाडमा सात दशमलव एक र हिमालमा सात दशमलव ४७ प्रतिशत मूल्यवृद्धि रहेको छ ।

गत आर्थिक वर्षको सोही अवधिमा काठमाडौं उपत्यकामा ६ दशमलव २५ प्रतिशत मूल्यवृद्धि थियो । त्यस्तै, तराईमा सात दशमलव ६१ प्रतिशत, पहाडमा सात दशमलव ७९ प्रतिशत र हिमालमा आठ दशमलव २५ प्रतिशत मुद्रास्फीति थियो ।अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति सात दशमलव २८ प्रतिशत बराबर थियो । यो अवधिमा खाद्य तथा पेयपदार्थको मूल्यवृद्धि छ दशमलव ९३ प्रतिशत र गैर-खाद्य तथा सेवा क्षेत्रको मूल्यवृद्धि आठ दशमलव ४२ प्रतिशत रहेको छ । खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत रेष्टुराँ तथा होटल उपसमूहको वार्षिक विन्दुगत मूल्य सूचकांक १४ दशमलव ६८ प्रतिशतले बढेको छ । त्यस्तै, मरमसलाको १४ दशमलव ६७, खाद्य तथा खाद्यजन्य पदार्थको १३ दशमलव ७२ प्रतिशत, फलफूलको ११ प्रतिशत र सुर्तीजन्य पदार्थको १० दशमलव ८३ प्रतिशतले बढेको छ ।

गैर-खाद्य तथा सेवा समूह अन्तर्गत स्वास्थ्य उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकांक १० दशमलव ३९ प्रतिशतले बढेको छ । घरायसी उपयोगका वस्तुमा नौ दशमलव ५४, मनोरञ्जन तथा संस्कृतिमा आठ दशमलव ८१, फर्निसिङ तथा घरायसी उपकरणमा आठ दशमलव ७४ र शिक्षा क्षेत्रमा आठ दशमलव ६७ प्रतिशतको मूल्यवृद्धि देखिएको छ ।

गत चैत महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति भने पाँच दमलव ५९ प्रतिशत छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १४ दशमलव ४२ प्रतिशत थियो ।

यसैगरी **बाँकी ८ पेजमा**

## घट्यो कोरोना संक्रमण दर

काठमाडौं । केही समयअघि बढिरहेको कोरोना भाइरसको सङ्क्रमण दर अहिले घट्दै गएको तथ्यांकले बताएको छ । गत चैतमा कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सबिबि १.१६ देखा परेपछि सङ्क्रमण बढेको थियो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बुधबार पाँच सय पाँच जनामा गरिएको परीक्षणमा **बाँकी ८ पेजमा**

## ४६ वर्षपछि जग्गाधनी पुर्जा

काठमाडौं । काभ्रेपलाञ्चोक धुलिखेल नगरपालिका-५ श्रीखण्डपुरका दुई सय ३० परिवार ४६ वर्षपछि 'जग्गाधनी' बनेका छन् । स्थानीय नागरिकले जग्गा नापी भएको ४६ वर्षपछि जग्गाको पुर्जा प्राप्त गरेका हुन् । तत्कालीन अवस्थामा स्थानीयले 'किसान आन्दोलन' तथा 'भर्पाइ आन्दोलन' गरेका कारण राजनीतिकलगायत अन्य कारणबाट ती नागरिकले वि.सं २०३४ मा दर्ता भएको जग्गाको पुर्जा **बाँकी ८ पेजमा**

## शोधनान्तर स्थितिमा सुधार, रेमिट्यान्स बढ्यो

काठमाडौं । चालु आवको तेस्रो त्रैमासिक सम्मको तथ्यांकमा देशको शोधनान्तर अवस्था सुध्रिदै गएको छ । गत आवको चैत्र मसान्तसम्म झन्डै २ खर्ब ६५ अर्ब रूपैयाँले ऋणात्मक रहेको शोधनान्तर अवस्था यो वर्ष भने सुधार भएर १ खर्ब ८० अर्ब रूपैयाँले सकारात्मक देखिएको छ ।

आयात प्रतिबन्ध फुकुवा गरे पनि बजारमा मागको सिर्जना नहुनु एवम् रेमिट्यान्स विगत ५ महिनादेखि मासिक १ खर्ब माथि नै रहनुलगायतका कारण शोधनान्तर स्थिति बचतमा देखिएको हो । चैत्र महिनाको रेमिट्यान्स चालु **बाँकी ८ पेजमा**

## 'काँडेतार' को प्रदर्शन नरोक



काठमाडौं । विशाल नेपाल महाअभियानले बिहीबार बानेश्वरमा पत्रकार सम्मेलन गरी नेपाल चलचित्र महासंघले 'काँडेतार' चलचित्रलाई प्रदर्शनमा रोक लगाएकोमा त्यसको घोर भर्त्सना गर्दै प्रदर्शनमा रोक नलगाउन आग्रह गरेको छ । **बाँकी ८ पेजमा**

## आइएफआरसीको सर्वोच्च पदमा पहिलो नेपाली



काठमाडौं । रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तर्राष्ट्रिय महासंघ (आइएफआरसी) को महासचिव तथा प्रमुख कार्यकारी अधिकृत पदमा जगन चापागाईं दोस्रो कार्यकालका लागि पुनः चयन भएका छन् । सो पदमा पुग्ने उनी पहिलो नेपाली हुन् । चापागाईंले यसअघि सन् २०२० फेब्रुअरीमा चार वर्षे सो पदको पहिलो कार्यकाल सम्हालेका थिए । स्वीट्जरल्याण्डको जेनेभामा **बाँकी ८ पेजमा**

## कसरी फेला पर्‍यो बुद्ध जन्मस्थल लुम्बिनी ?

### समय सन्दर्भ

जीएस शर्मा



बुद्धको जन्म २५ सय ६७ वर्षअघि लुम्बिनीमा भएको विभिन्न ऐतिहासिक अध्ययनहरूको निष्कर्ष छ । तर बुद्धको जन्ममिति यो एकिन भने होइन । कथा, किंवदन्ती, शास्त्र र अभिलेखहरूका आधारमा उनको जन्म वर्ष निधो गरिएको हो । बुद्धको महापरिनिर्माणको सय/सय वर्षमा श्रीलंकामा हुने गरेको बौद्ध सम्मेलनलाई आधार मानेर उनको जन्ममिति तय गरिएको लुम्बिनीको मौन आह्वान पुस्तकका लेखक वसन्त विडारीले उल्लेख गरेका छन् । बौद्ध विद्वानहरूले अरु ऐतिहासिक र पुरातात्विक आधारहरू अघि सारेर उनको जन्म २४/२५ सय वर्षअघि भएको पुष्टि गरिसकेका छन् ।

बुद्धको जन्मस्थल लुम्बिनी हो भन्ने संस्कृत र पाली भाषामा लेखिएका ग्रन्थहरूले नै प्रमाणित गर्छन् । बौद्ध ग्रन्थहरू मात्रै होइन, फरक फरक शताब्दीमा भारतीय उपमहाद्विपमा यात्रामा निस्केका चिनियाँ यात्रीहरूले पनि लुम्बिनीको चर्चा गरेका छन् । तर त्यो लुम्बिनी शताब्दीयौंसम्म गुमनाम थियो । चिनियाँ यात्रीहरूका वृतान्तमा लुम्बिनी मात्रै होइन, कपिलवस्तु, बोधगया, सारनाथ र यस क्षेत्रका थुप्रै भूखण्डहरूबारे पनि उल्लेख छ । सयौं वर्षको अन्तरालमा 'लुम्बिनी' हरायो, जंगलमा परिणत भयो । १९ औं शताब्दीको उत्तरार्द्धसम्म बुद्धको जन्मस्थल (लुम्बिनी) फेला परेको थिएन ।

जतिबेलासम्म लुम्बिनी कहाँ पर्छ भन्ने टुंगो थिएन, त्यतिबेलासम्म नेपाल देश भने बनिसकेको थियो । किराँतकाल, लिच्छविकाल, मल्लकाल जस्ता ऐतिहासिक चरण गुजारिसकेको नेपालमा अढाई सय वर्षअघि गोर्खा विजयपछिको शाहवंशीय शासन सुरु भइसकेको थियो । सन् १८९६ सम्मका नेपालका कुनै लिखत, दस्तावेज, अभिलेख, साहित्य आदिमा न बुद्धस्थलको अपनत्व थियो न बुद्धस्थल नेपालमा पर्छ भन्ने गर्वबोध नै । किनभने त्यसबेलासम्म बौद्धदर्शन र बौद्धधर्म विश्वप्रसिद्ध भइसके पनि लुम्बिनी, कपिलवस्तु शास्त्रका पुस्तकमा थिए, तर भूक्षेत्र भने कतै विलुप्त भइसकेका थिए । चिनियाँ यात्रीहरूका वृत्तान्त र प्राचीन बौद्ध साहित्यले लुम्बिनीको स्थानीयता बयान गरेका छन् । ती ग्रन्थका अनुसार लुम्बिनी पश्चिममा कपिलवस्तु राज्य र पूर्वमा देवदह राज्यका बीचमा पदर्थ्यो । कपिलवस्तु शाक्य मुनिहरूको राज्य हो भने देवदह कोलियहरूको राजधानी हो ।

बुद्ध जन्मस्थलको पुनर्खोजी तत्कालीन ब्रिटिस भारतले थालेको हो । ब्रिटिस भारतको पुरातत्व विभागले राजा अशोकले राखेका स्तम्भहरूको पनि खोजी गर्दै थियो । चिनियाँ यात्रीहरूका वृत्तान्तमा राजा अशोकले ठाउँ ठाउँमा ढुंगे खाबाहरूको चर्चा गरेका थिए । त्यसकै आधारमा लुम्बिनी पनि खोज्न थालिएको थियो । डिसेम्बर १, १८९६ (अर्थात् आजभन्दा १ सय २५ वर्षअघि) पाल्पाका बडाहाकिम खड्गशमशेर र ब्रिटिस इन्डिया प्रशासनको अनुमति लिएर जर्मन पुरातत्वविद डा.एन्टोन फ्युहरर रूपन्देही क्षेत्रमा उत्खननमा लागे । काठमाडौंमा रहेको ब्रिटिस दुताबासमार्फत श्री ३ वीरशमशेरसँग डा.फ्युहररले रूपन्देही क्षेत्रमा उत्खननको अनुमति लिएको विस्तृत वर्णन चार्ल्स एलेनले आफ्नो पुस्तक 'द बुद्ध एन्ड डा.फ्युहरर' मा चर्चा गरेका छन् । राणा प्रधानमन्त्री वीरशमशेरले पाल्पामा बडाहाकिम बनाइएका आफ्नै भाइ खड्गशमशेरलाई त्यो जिम्मा दिएर खबर पठाए । पाल्पा आसपास, बुटवल लगायत क्षेत्र खड्गशमशेरकै प्रशासनिक क्षेत्र **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : धिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# भ्रष्टाचारमा हदम्याद विधेयक

काठमाडौं । ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई) नेपालले भ्रष्टाचारमा पाँचवर्षे हदम्याद राख्ने प्रस्ताव ठूला भ्रष्टाचारीलाई उन्मुक्ति दिने गरी ल्याइएको गल्छेंडा भनी टिप्पणी गरेको छ । पाँच वर्षपछि भ्रष्टाचार मुद्दा नलाग्ने कानुन बनाउन नहुनेमा ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई) नेपालको जोड छ ।

टीआई नेपालले विज्ञप्ती निकालेर दुवै विधेयकमा रहेको भ्रष्टाचारमा पाँचवर्षे हदम्याद रहने प्रस्तावित व्यवस्थाप्रति ध्यानाकर्षण भएको जनाएको छ । प्रतिनिधिसभामा दफावार छलफलका क्रममा रहेको भ्रष्टाचार निवारण र अख्तियार दुरूपयोग अनुसन्धान आयोगसम्बन्धी दुईवटा विधेयकमा भ्रष्टाचारमा पाँचवर्षे हदम्याद राख्ने व्यवस्था प्रस्तावित छ । सो विधेयकमाथि दफावार छलफलका क्रममा रहेका बेला ट्रान्सपरेन्सीको सो भनाइ आएको हो ।

सरकारी सम्पत्ति हानी नोक्सानी गरी भ्रष्टाचार गर्नेलाई मृत्युपछि पनि मुद्दा चलाउन सकिने भ्रष्टाचार निवारणसम्बन्धी ऐन, २०५९ मा प्रावधान संशोधन गरेर हदम्याद पाँच वर्षमा सीमित गर्न सरकारले विधेयक अघि बढाएको छ । अहिले कार्यान्वयनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ मा भएको प्रावधानलाई संशोधन गरी कुनै राष्ट्रसेवक कर्मचारीले गरेको भ्रष्टाचारका सम्बन्धमा उसले अवकाश पाएको मितिले पाँच वर्षभित्र मुद्दा चलाइसक्नुपर्ने भनी हदम्याद निर्धारण गरिएको छ ।

'कुनै राष्ट्रसेवकले पदमा बहाल रहँदाका बखत भ्रष्टाचार गरेको र तत्काल निजउपर मुद्दा चल्नसक्ने रहेनछ भने निज जुनसुकै व्यहोराबाट अवकाशप्राप्त गरेको भए पनि अवकाश पाएको मितिले र निजले भ्रष्टाचार गरेको कुरा निज अवकाश भइसकेपछि थाहा भएकामा थाहा भएको मितिले पाँच वर्षभित्र मुद्दा चलाउन सकिनेछ,' राष्ट्रिय सभाले पारित गरेको सो संशोधन विधेयकमा उल्लेख छ ।

भ्रष्टाचारसम्बन्धी राष्ट्रसंघीय महासन्धि २००३ मा भ्रष्टाचारको मुद्दा चलाउने मामिलामा सकेसम्म हदम्याद राख्न नहुने र राख्नैपरे लामो अवधिको राख्नुपर्ने उल्लेख छ । 'नेपाल त्यसको पक्ष राष्ट्र हो,' अधिवक्ता तुलसी सिंखडाले भने, 'त्यसैले पनि भ्रष्टाचारका मुद्दामा साँघुरो हदम्याद राख्नेगरी कानुन बनाउन मिल्दैन ।'

भ्रष्टाचारको मुद्दा चलाउने हदम्याद 'थाहा पाएको मितिले पाँच वर्ष हुने' प्रावधानले राजनीतिक दबाबका कारण तामेलीमा राखिँदै आएका ठूला भ्रष्टाचारका मुद्दा मात्र नभएर वर्षौंदेखि सार्वजनिक जानकारीमा आइसकेका तर कानुनी कारबाही अघि नबढाइएका उच्च तहका भ्रष्टाचारका मुद्दासमेत अनुसन्धानको दायराबाट मुक्त हुने अवस्था सिर्जना हुन जाने टीआई नेपालको बुझाइ छ ।

विज्ञप्तीमा अगाडि भनिएको छ, 'यस्तो प्रावधान प्रभावशाली ठूला भ्रष्टाचारीहरूलाई उन्मुक्ति दिने जस्केलो बन्न पुग्नेछ ।' नेपाल भ्रष्टाचारविरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्षराष्ट्र रहेको र यसले निजी क्षेत्रमा हुने भ्रष्टाचारलाई फौजदारी कसुर मानी घुस लिने र दिने दुवै पक्षलाई कानुनी दायरामा ल्याउनुपर्ने स्पष्ट उल्लेख गरेको विज्ञप्तीमा भनिएको छ ।

विज्ञप्तीमार्फत टीआई नेपालले व्यक्ति वा समूहविशेषको निहीत स्वार्थ–पोषणप्रति अभिलक्षित कुनै पनि तह वा निकायको निर्णयलाई 'नीतिगत निर्णय'को परिभाषाभित्र नपर्ने स्पष्ट व्यवस्था हुनुपर्ने बताएको छ ।

भ्रष्टाचार नियन्त्रणका विभिन्न निकाय र विविध कानुनी प्रावधानका बावजुद नेपालमा ठूला भ्रष्टाचारीले दण्डहीनताको निर्बाध उपभोग गर्दै आएको विज्ञप्तिमा भनिएको छ । दुवै विधेयकले भ्रष्टाचारीलाई उन्मुक्ति दिने थप गल्छेंडाको सिर्जना नगरोस् भन्नेतर्फ सांसदहरू सजग हुनुपर्नेमा टीआई नेपालले जोड दिएको छ ।

संशोधित प्रावधानमा भ्रष्टाचार गरेबापत हुने सजाय पनि थप गरिएको छ । जसअनुसार १ करोडदेखि १० करोडसम्मको भ्रष्टाचारमा ८ देखि १० वर्षसम्म कैद हुने व्यवस्था गरिएको छ । यसअघिको १ करोडदेखि माथि जतिसुकै भ्रष्टाचार गरे पनि ८ देखि १० वर्ष सजाय हुने उल्लेख थियो । संशोधित विधेयकमा १० करोडभन्दा माथि जतिसुकै रकमको भ्रष्टाचार गरे पनि १० देखि १४ वर्षसम्म कैद सजाय हुने उल्लेख छ । मूल ऐनमा रिसवत दिए मात्रै भ्रष्टाचार भएको भन्ने उल्लेख छ ।

विधेयकमा भने रिसवत दिनुका अतिरिक्त दिने प्रस्ताव गरे वा लिन मञ्जुर गरे पनि भ्रष्टाचार भएको ठहर्ने उल्लेख छ । विधेयकमा पदीय हैसियतको दुरूपयोग गर्नेलाई एक वर्षसम्म कैद वा ५ लाखसम्म जरिमाना हुने नयाँ व्यवस्था थप गरिएको छ ।

# मैले देखेको २२९ औं विश्व सम्पदा (प्रस्तावित)

# सुर्खेत नेपालको काँक्रे विहार



## सुरेन्द्र ढकाल

उत्तर कोरियाबाट २०१९ को अगस्ट महिनामा फर्केपछि म पुरै वृद्ध आमाबुबाको स्याहारमा तल्लिन भएँ । मेरो स्वदेश वा विदेश भ्रमणमा पूर्ण विराम लाग्यो । २०७९ साल असार १५ गते आमाले संसार छोडेर जानुभयो । त्यसको ७ महिनापछि माघ १४ गते बुबाले पनि छोडेर जानुभयो । अछामको कमलबजारस्थित कालिका आधारभूत विद्यालयले सुरेन्द्र ढकाल प्रतिष्ठानसँग आफ्नो नयाँ बनेको भवनका लागि डेस्क बेन्च माग गरेको थियो । त्यसका लागि मैले तत्कालिन प्रधानाध्यापक देवेन्द्र सन्जेलको अनुरोधमा रु १ लाख ५० हजार छुट्याइदिएको थिएँ । २०८० साल बैशाखको पहिलो हप्तामा संजेलले फर्निचर तयार भएको जानकारी गरेपछि बैशाख १७ गते उक्त फर्निचर तथा रकम हस्तान्तरणको कार्यक्रम लिएर विमानबाट म काठमाडौंबाट सुर्खेत पुगेँ । त्यहाँबाट देवेन्द्रले मलाई कमलबजार अछामसम्म मोटरसाइकलबाट लगि कार्य सम्पन्न गरी १८ गते नै सुर्खेत फर्के । वैशाख १९ गते ४:२० को मेरो काठमाडौंतर्फको उडान थियो । होटल बुलबुलेमा बिहानको नास्ता खाएपछि म भने काँक्रे विहार अवलोकन गर्न टेम्पो लिएर विहार क्षेत्रमा पुगेँ ।

काँक्रे विहार

यो विहार सुर्खेत र कर्णाली प्रदेशको मात्रै नभई नेपालकै एक अद्वितीय पुरातात्विक, सांस्कृतिक अनि प्राकृतिक स्थल रहेछ । विश्व सम्पदा सूचीमा प्रस्ताव गरिएको यो विहार सुर्खेत (सुर+क्षेत्र = देवभूमि) उपत्यकाको बीच भागको उच्चतम स्थलमा रहेको प्राकृतिक सालको घना जंगलले घेरिएको रहेछ । तासिएर कुँदेका प्राचीन विशाल दुंगाबाट निर्मित मन्दिरको भग्नावशेष यसैमा रहेकोले यसलाई वनक्षेत्रको रुपमा वन ऐन २०७६ बमोजिम संरक्षण गर्न सुरु गरिएको रहेछ ।


काँक्रे विहारका प्राचीन ढुंगामुर्तिहरूमा अनेक किसिमका बुट्टाहरू कुँदिएका रहेछन् । यीमध्ये बुद्धको जन्म, बुद्धत्व ज्ञान प्राप्ति, धर्मचक्र मुद्रा, श्रावस्ती चमत्कार, अभय मुद्रा, दान मुद्रा, बाँदरले चढाएको महलाई बुद्धले ग्रहण गरेको आदि दर्शाउने ढुंगाका मूर्तिहरू रहेछन् । एकल ढुंगामा बुद्धको जीवनकथा दृश्य अंकित भएको रहेछ । पंचरथ शैलीको शिखराकार मन्दिरको शिरोभागमा प्रयोग गरिने आमलक, घटकलश र बीजपुरक प्रस्तरहरू पनि रहेछन् । मन्दिरको अधिष्ठानमाथि शिखरभागसम्म उपयोग भएका ढुंगाहरूमा अर्धचन्द्राकार फूलबुट्टा, चौकोणबुट्टा, कोण आमलक, अष्ठकुने चक्र, पत्रमालिका, साना साना शिखर प्रसादहरू, हिँडिरहेका हंशपंक्ति कुँदीका प्रस्तरहरू पनि रहेछन् । शिखरका अर्धजगाहरूभित्र प्रदर्शित हुने पद्मपाणि लोकेश्वर बसेको मूर्ति चित्रित ढुंगाहरू पनि यस मन्दिरमा रहेछन् । यसैगरी गर्भगृहको माझखानामा प्रयोग गरिने महापद्म कुँदिएको ढुंगा पनि रहेछ । यसैगरी भगवान बुद्ध र अन्य हिन्दु देवीदेवताहरूको मूर्ति कुँदिएका ढुंगाहरूबाट निर्मित एउटै मन्टिदर भएकोले काँक्रे विहारलाई हिन्दु र बौद्ध दुवै धर्मावलम्वीहरूको साझा मन्दिरको रुपमा लिने गरिएको रहेछ ।

काँक्रे विहारको मन्दिर अशोक चल्लकै शासनकाल १२५५ र १२७८ बीच १३ औं शताब्दिमा नै निर्माण भएको र १६ औं शताब्दिको भूकम्पको कारण भत्किन गएको भनिदो रहेछ । वि.सं २००४ मा काँक्रे विहारको जिर्णाद्धार सुरु भई बारम्बार काम बन्द हुने प्रक्रियाको कारण २०७८ मा आएर मात्रै सम्पन्न भएको रहेछ । हाल यो मन्दिर पूर्व–पश्चिमतर्फ २१.४६ मिटर र उत्तर–दक्षिणतर्फ २१.२६ चौडा रहेछ । १६ वटा स्तम्भले थामेको यो मन्दिरको अग्लाइ ४३.३५ मिटर रहेछ । उत्खननमा फेला परेका २०२८ वटै मूर्ति अंकित प्रस्तरलाई जिर्णोद्धारका क्रममा राम्ररी उपयोग गरिएको रहेछ ।

जैविक विविधता, जंगली पशुपक्षींको वासस्थान भएको १७६ हेक्टरको यो सालको जंगल क्षेत्रमा ३.१० हेक्टर घाँसे मैदान, ०.७६ हेक्टर सिमसार, २०.२६ हेक्टर झाडी बुट्यान रहेछ भने यहाँ साल, साज, सल्ला, सिसौ, मसला, आँप अम्बा लगायतका रुखहरू भएको बताइँदो रहेछ । वन्यजन्तुहरूमा जरायो, श्याल, खरायो, दुम्सी, बँदेल अनि रैथाने र बाहिरबाट आउने विभिन्न चराचुरुङ्गीहरूको वासस्थान मानिँदो रहेछ ।

काँक्रे विहार मन्दिरको प्राचीन शैली, यसको पुरातात्विक बनावट र पर्यावरणीय दृष्टिकोणबाट कायम रहको स्वच्छताको कारण यहाँ पर्यटकहरूको घुइँचो लाग्दो रहेछ । आ.व. २०७८।७९ मा मात्रै सवा दुई लाख पर्यटकहरूले अवलोकन गरेवापत यस क्षेत्रले रु ११ लाखभन्दा बढी आर्जन गरेको रहेछ । मन्दिर र जंगल परिसरमा करिब आधा घन्टा बिताइ सोही टेम्पोबाट म बुलबुले ताल अवलोकन गर्नतर्फ लागेँ ।



















# बानेश्वर महादेवस्थान संरक्षण तथा व्यवस्थापन समाज र सुरेन्द्र ढकाल प्रतिष्ठानसँगको सहकार्य

**परिचय**

काठमाडौं महानगरपालिका १० नं वडामा रहेको प्राचीन ज्योतिर्लिङ्ग, शिवपुराणको हिमवत खण्डमा बाणेश्वर महादेव र स्वस्थानी ब्रतकथामा मातेश्वर महादेवको नामले प्रसिद्ध धार्मिक तीर्थस्थल एवं परापूर्वकालदेखि पुजिदै आएको बानेश्वर महादेवस्थान परिसरको सम्बर्धन गरी बानेश्वर महादेवको पूजा ब्यबस्थित रूपले नित्य तथा विशेष पर्वका दिन विशेष किसिमले पूजा गर्ने व्यवस्था गर्न बि.सं. १९४७ बैशाख शुक्ल अस्टमीका दिन तत्कालीन यसै बानेश्वर निवासी जयमान सिं बस्नेतले दानपत्र गरी गुठी जग्गा समेतको आयस्ताबाट पूजा संचालन गर्न दुनिया गुठी खडा गरेका रहेछन्। यसै गुठी जग्गाभित्र श्री रत्नराज्य माध्यमिक विद्यालय र श्री रत्न पुस्तकालय समेत संचालनमा रहेका छन्।

**पृष्ठभूमि**

सनातन धर्मका आस्थावानहरूको सरोकार रहेको, स्थापित पूजा पद्धतिलाई समय सापेक्षिक रूपलेनिरन्तरता दिने र महादेवस्थानको नामको श्रीसम्पत्तिको संरक्षण गर्ने तथा योसँग सम्बन्धित सबै काम कुराहरू कालान्तरसम्म सामुहिक तवरले व्यवस्थित गर्ने हेतुले राजेन्द्रप्रसाद मराठाको अध्यक्षतामा देहाए बमोविमको प्रवन्ध (तदर्थ) समिति बनी २०७१ साल चैत्र १ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा बानेश्वर महादेवस्थान संरक्षण तथा व्यवस्थापन समाज नामको संस्था दर्ता भयो।

राजेन्द्रप्रसाद मराठाको अध्यक्षतामा दामोदरप्रसाद लामिछाने उपाध्यक्ष शंकरप्रसाद पौडेल महासचिव, सुशीला रिमाल (पौडेल) कोषाध्यक्ष र सदस्यहरूमा हरिप्रसाद अर्याल सुदर्शना तण्डुकार सकुन्दराज अर्याल रहेका छन्। काठमाडौं जिल्ला प्रसाशन कार्यालयमा एक अविच्छिन्न उत्तराधिकारीवाला, संगठित, स्वशासित, गैर-नाफामुलक, गैरराजनीतिक तथा गैरसरकारी हिन्दु परंपरा अनुसारको सामाजिक कार्य गर्ने धार्मिक संस्था को रूपमा दर्ता रहेको यस बानेश्वर महादेवस्थान संरक्षण तथा व्यवस्थापन समाजको अभिलेख यस प्रकार रहेकोछ।

१. जिल्ला प्रसाशन कार्यालय दर्ता नं ७४८ मिति २०७१।१२।०१

२. समाजकल्याण परिषदमा आबद्धता नं ४१२०५ मिति २०७१।१२।१५

३. स्थायी लेखा नं ६०३१२३६६१ मिति २०७१।१२।१९

४. आयकर छुट प्रमाणपत्र नं ८८ मिति २०७६।०७।२०

५. काठमाडौं महानगरपालिका १० नं वडा कार्यालयबाट मिति २०७२।०४।२४ मा नं ४६६ को गैर नाफा मूलक संस्था दर्ता प्रमाणपत्र प्राप्त।

**राजगुठी**

गुठी अभिलेख अनुसार यो गुठी राज गुठीमा दरिएकोले मिति २०७५।०३।१९ मा गुठी संस्थान केन्द्रिय कार्यालयले देहाएका महानुभावहरू रहनु भएको बानेश्वर महादेव मन्दिर गुठी व्यवस्था समिति गठन समेत गरेको छ।

१) वैकुण्ठप्रसाद गौतम २) शंकरप्रसाद पौडेल ३) प्रकाश आचार्य ४) हरिप्रसाद लामिछाने ५) स्थिरप्रसाद नेपाल ६) प्रमिला के.सि. ७) डा. श्रीराम बाँसकोटा ८) डा. चण्डिकाप्रसाद भट्टराई ९) ऋषभदेव खनाल १०) लक्ष्मी अधिकारी ११) मीरा भट्टराई १२) प्रभा बुढाथोकी १३) सावित्री पौडेल।

**बानेश्वर महादेवस्थान संरक्षण तथा व्यवस्थापन समाज**

बानेश्वर महादेवस्थान संरक्षण तथा व्यवस्थापन समाजको २ बर्ष कालकालको हालको १३ सदसीय कार्यसमिति यस प्रकार गठन भएको छ। जसअनुसार शंकरप्रसाद पौडेल अध्यक्ष श्रीमती प्रभा बुढाथोकी उपाध्यक्ष प्रकाश आचार्य महासचिब निधिश सापकोटा सचिव बिमलकुमार अधिकारी कोषाध्यक्ष श्रीमती प्रमिला के.सि.पौडेल सहकोषाध्यक्ष र सदस्यहरूमा बैकुण्ठप्रसाद गौतम सावित्री रिमाल पौडेल कृष्णबहादुर हमाल श्रीनारायण भट्ट हरि श्रेष्ठ श्रीमती यसोदा उपाध्याय पौडेल र श्रीमती मञ्जू शर्मा पौड्याल रहेका छन्। यस संस्थामा हालसम्म १५२ जनाले आजीवन सदस्यता लिनुभएको छ।

**संस्थाको उद्देश्यरू**

१) मंन्दिर परिसरमा हालसम्म रहेका र पछि स्थापित हुने देव देवीको नित्य तथा विशेष पर्वका वेलामा हुने पूजा आरती आदि काम सुचारुरूपले गर्ने गराउने।
२) बैदिक सनातन धर्मको संरक्षण सम्वन्धी सेवामा सधैं तत्पर रहने।
३) समान उद्देश्य भएका विभिन्न संघ संस्थाहरूको सहकार्यमा सघाउ पुर्याउने वा सहयोग लिने।
४) यस संस्थाको चल अचल सम्पत्तिको अध्यावदिक अभिलेखराखी सोको संरक्षण सम्बन्धी कार्य गर्न सघाउ पुर्याउने।
५) स्थापित मंन्दिर तथा मूर्तिहरूको सम्हार तथा संरक्षणको कार्य गर्न गराउन सहयोग जुटाउने।
६) मन्दिर परिसर हाता शान्त, सुन्दर एवम् पवित्र राख्न क्रियाशील रहने।
७) मठ, मन्दिर, पूजाआजा आदी सम्बन्धी कार्यहरूको अध्ययन अनुसन्धान गर्न सघाउ पुर्याउने।
८) आवश्यकताअनुसार संस्थाको आसपासको क्षेत्रको हित अनुकुल हुने यज्ञ-यज्ञादिको कार्यहरू गर्ने गराउने।
९) विभिन्न सभा, सम्मेलन, सेमिनार, गोष्ठी गरी अनुसन्धान एवं प्रकाशन गर्ने गराउने।
१०) हिन्दु परंपरा अनुसारको बिबाह, ब्रतवन्ध, काज किरिया सम्वन्धी कार्य गर्न सहयोग गर्ने।
११) समान उद्देश्य भएका राष्ट्रिय र अर्न्तराष्ट्रिय संघसंस्थाहरूसँग मिलेर कार्य विस्तार गर्ने गराउने र सदस्यता दिने लिने।
१२) दानपत्र खडा गर्नेबाट स्थापित उद्देश्य अनुसारको पूजा पद्धतिलाई निरन्तरता दिने।
१३) अध्ययन अनुसन्धान तथा प्रकाशन गर्ने गराउने काममा सहयोग पुऱ्याउने।
१४) मानवीय सेवामा सहयोग पुऱ्याउन मद्धत गर्ने।

**संस्थाले हाल संचालन गरि आएका कार्यहरू**

यी समितिहरूले बानेश्वरवासीहरूको बृहद् सहयोगमा निम्न कार्यक्रमहरूलाई निरन्तरता दिंदै आएको छ। गुठीको उद्देश्य अनुसारको गर्न बाँकी पूजा पाठको कामलाई क्रमिक रूपले खोज तलास गर्दै स्रोतको जोहो मिलाउदै लाने जमर्को पनि गरेको छ।

१. बैशाख शुक्ल तृतीया (अक्षय तृतीया), यो दिनलाई शिव पार्वतीको विवाहको पवित्र दिनको रूपमा मानी शिव तथा शक्तिको पूजाआजा गरी सातु, सर्बत चढाई मन्दिर हाता भित्रै प्रसादको रूपमा भक्तजनहरूमा वितरण्त गर्ने गरिएको छ। बानेश्वरका अग्रजहरूको भेलाले यो दिनलाई महादेवस्थानको बार्षिकोत्सवको रूपमा मनाउने निर्देशन पनि गरेको छ।

२. महाशिवरात्रीका दिन सहयोगीहरू समेतको सहभागितामा हवन यज्ञादिको साथ ११ जना ब्राम्हणहरूद्वारा लघुरुद्री (१२१ आवर्ती) लगाई यथा प्राप्त सामग्रिबाट प्रसाद वितरण गर्ने र साँझमा प्राङ्गणमा धुनी जगाउने कार्य हुने गर्दछ। प्रसाद तयारीको लागि भक्तजनहरूबाट पिठो, सुजी, चिनी, तेल, घिउ, दुध, आलु, काउली, आदि उपलब्ध हुने गर्दछन्। सहयोगी हातहरूको जोहो मिलाई अन्य सामानहरू समितिले जुटाएर परिसर हाता भित्रै प्रसाद तयार गर्ने गरिन्छ।

३. बानेश्वर महादेवको महिमाको वारेमा जरो देखिनै बुझेका र धार्मिक अभियानलाई मार्ग दर्शन गर्न सक्षम श्री भरत जङ्गमज्यूको अग्रसरता र टेवाले २०७५साल फगुन २० गते शनिवारका महाशिवरत्रीका दिन देखि मन्दिरको गर्भगृहमा अखण्ड दीप प्रज्वलन भैरहेको छ।

४. बडादशैंको नवरात्रीभर जन सहभागिता जुटेमा महिषासुर मर्दनी दुर्गाको माटोको प्रतिमूर्ति स्थापना गरी घटस्थापना गरी जमरा राखी टीकाको दिन क्षमता अनुसार जमरा वितरण गर्ने गरिएको छ भने महिषासुर मर्दनी दुर्गाको माटोको प्रतिमूर्तिलाई चोभारमा बागमती नदीमा विसर्जन गर्ने गरिएको छ। यो अभियान २०७५ सालबाट सुरु भएको हो र यस कार्यक्रमले नवरात्रीको रोचकता बढ्नुकासाथै तराइवासी मित्रहरूको अभिरुची विशेष रूपमा जागरण भएको छ।

५. हरिबोधनी एकादशीका दिन जलशायी नारायण (बुढानीलकण्ठको प्रतिमूति) मा विशेष पूजा गरी यस दिनलाई यहाँ मेलाको रूप दिने थालनी गरिएको छ। जहाँ नारायण त्यहाँ शिव र जहाँ शिव त्यहाँ नारयणको पूजा गर्ने सनातनवादीहरूको परंपरा हो। २०७६ साल कार्तिक शुक्ल एकादशी (हरिबोधनी एकादशी) का दिन देखि हरेक एकादशीको दिन श्री जलशायी नारायणको पञ्चामृतद्वारा स्नान गराई विशेष पूजा सहित विष्णु शहस्रनाम पाठद्वारा तिल, तुलसी चढाउने गरिएको छ। हाललाई श्री प्रकाश आचार्यको अग्रसरता र टेवाले यसलाई निरन्तरता दिईरहेको छ। यस पूजामा पनि जो कोही पनि सहभागी भै टेवा दिन सकिन्छ।

६. शिवको पूजाको महत्वपूर्ण अङ्ग रुद्री हो। धार्मिक अभियन्ता श्री भरतमणि जङ्गमको सुभाव अनुसार २०७५ असोज ६ गते देखि प्रातः नित्य (दैनिक) पञ्चामृतद्वारा स्नान गराई एकावृती रुद्रीपाठ गराई रुद्राभिषेक पूजन हुँदै आएको छ। शिवको अति प्रिय रुद्राभिषेक एक पुनित उपाशनाको रूपमा लिइएको छ। गृह सुद्धि, जन्मोत्सव, बार्षिकोत्सब आदि लगायत अन्य नैमित्य कर्मको सिलशिलामा बाम्हणद्वारा रुद्री गर्ने गराउने गरिन्छ। खासगरी शिवप्रति आस्थावानहरूको हरेक घर घरमा श्रावण महिनामा लघुरुद्री लगाउने परंपरा रहिआएको छ। विशेषतः हालको भौतिक समाजमा समय, साधन, द्रव्य, सुपात्र र व्यवस्था मिलाउन कठिन परिस्थितिमा घर घरमा सम्पन्न गर्न असमर्थहरूको निमित्त यो नित्य रुद्राभिषेक व्यवस्था अति सरल सिद्ध साबित भएको छ। यो संस्कारको सूत्रपातबाट व्यवहारमा सरलता र सहजता भएको छ भने शिवको पूजामा मनग्य आर्थिक टेवा पुगेको छ। यस पुनित कार्यमा दैनिक संकल्पलिने प्रायोजक को अभाव नहोस खालि नहोस भन्ना खातिर ३६ जना महानुभावहरूबाट नित्य प्रायोजन गरी हाललाई रुद्राभिषेक अटुट गराउने अठोट गरिएको छ। बाहिरबाट कोही नभएको दिनममा पनि यस अनुसार अटुट रहिरहेको छ। यी मध्ये केही महानुभावहरूबाट बाहिरबाट जतिसुकैको सहभागिता रहे पनि तोकिएको दिन सहभागिता जनाउने गनु भएको छ। गर्ग गोत्री श्री कृष्णप्रसाद आचार्यबाट हरेक शंक्रान्तीका दिन प्रायोजक बन्ने गरी वहाँकै अभिप्रेरणाले यी महानुभावहरूबाट टेवाको श्रीगणेश भएको हो।

७. कुनै पनि शुभकार्यको थालनी कसैन कसैको सुझाव, हौसला, टेवा र सहभागिताबाट शुभारम्भ भएको हुन्छ। यस्तै श्री जनार्दन शर्मा अधिकारीको सुझावमा श्री धनञ्जय पौडेलको हौसला र श्री नारायण पौडेलको टेवा तथा एक किसिमले श्री पशुपति गंगा आरतीको सहभागितामा २०७५ श्रावण ७ गते सोमवारका दिन श्री महादेवको दक्षिणा मूर्ति सामु शिव आरती र भजनको थालनी भयो। यस आरतीलाई निरन्तरता दिन श्रावण महिनाका सबै सोमबार र अरू महिनाको पहिलो सोमबार साँझ ५:३० बजे शिव आरतीको नामले विशेष आरती र भजन गराउने निधो समितिले लिएको छ। यस आरती कार्यक्रममा स्थानीय भक्तहरूको ठूलै अभिरुचि रहेको पाइएको छ भने हाल सम्म यसमा प्रायोजन गर्नेहरूको पनि कमी रहेको छैन। सुरुका ४ महिनासम्म श्री पशुपति गंगा आरतीको सहयोगमा आरतीका सामानहरू उपलब्घ गरी गर्ने गरियो भने तत् पश्चात समितिलेनै पाटनका कारिगरीद्वारा समानहरू बनाउन लगाई आफ्नै साधन खडा गरिएकोछ। एक जना भक्तबाट एक सेट सामान भारतबाट झिकाई समितिलाई उपलब्ध गराइएको पनि छ।

८. हिन्दू महिलाहरूको महान व्रत पर्व ऋषि पञ्चमी पूजाको दिन सप्तऋषिको पूजा सुविधा र सुलभ तवरले गर्न यसै प्राङ्गणमा अरून्धती सहितको सप्तऋषिको मूर्ति २०७३ मा स्थापना गरिएको छ र यसलाई महादेव मंदिरको छेउ दक्षिण पश्चिममा राखिएको छ।

९. श्री ललितादेवी पीठको रूपमा पूजिदै आएको माथि उल्लेख गरिसकिएको छ। वहाँको सानिध्यमा २०७२ सालदेखि प्रातः ८ बजे पौस शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म पुजारी भट्टद्वारा श्री स्वस्थानी व्रतकथा वाचनको थालनी भएको छ।

१०. बित्तिय संस्था, साम्सद कोष तथा महानगरपालिकाहरूको बिशेष सहयोगमा मन्दिरहरूको मरमत, सुधार पुराना संरचनाहरूको खोजी र तिनको सम्हार आदीको साथै मन्दिर परिसरको पूर्ब स्थिति कायम राख्दै प्रवेशद्वार देखिनै धार्मिक क्षेत्र झल्काउने कार्य गरिएको छ।

११. गुठी स्थापनाको समयमा लिइएको संकल्पहरू मध्ये गुह्येश्वरीमा गराउने भन्ने चण्डीपाठ हाललाई ललितादेवीमा गराउने गरी सुरुवात गरिएको छ। २०७६ साल बैशाख ७ गतेको शनिबार बाट अखण्ड रूपमा हरेक शनिबार श्री ललितादेवीको विशेष पूजा गरी चण्डी पाठ गराउने व्यवस्था गरिएको छ। यस पुनित कर्म पनि महादेवस्थान परिसरका पुजारीद्वारानै गर्ने गरिएको छ।

१२. गुठी स्थापनाको समयमा लिइएको अन्य संकल्पहरू मध्येका अरू पूजा पद्धतिहरूलाई क्रमिकरूपले अटुट रहने गरी निरन्तरता दिन समिति लागि परी रहनेछ भन्ने कुरामा हामी आस्वस्त छौं।

१३. भक्तजनहरूको आकर्षण र सनातन धर्मको मर्यादामा रही उपलब्ध हुन सकेको स्थान मिलाई श्री शितलामाई र अष्ट चिरञ्जिवीको मूर्ति पनि परिसरमा स्थापित गरिएको छ।

१४. मन्दिर परिसरका छरिएर यत्रतत्र रहेका केहि मूर्तिहरूका साथै केहि अन्य मूर्तिहरू स्थापना गरि गराई सानासाना दर्शनीय मन्दिरहरू पनि निर्माण गरिएका छन्।

**सुरेन्द्र ढकाल प्रतिष्ठानसँगको सहकार्य**

काठमाडौं महानगरपालिका ३१ नं. वडा निवासी सुरेन्द्र ढकालको प्रत्यक्ष संलग्नतामा उहाँद्वारा स्थापित सुरेन्द ढकाल प्रतिष्ठानले आ व २०७९।८० को बडादशैंको नवरात्रिभर महिषासुर मर्दिनी दुर्गाको माटोको प्रतिमूर्ति स्थापना गरी पूजा गर्ने र माटोको सो प्रतिमूर्तिलाई पूर्णिमाको दिन चोभार बागमती नदीमा विसर्जन गर्ने कार्यको लागि रु १०४८००/- (रु एक लाख चार हजार आठ सय ) यस महादेवस्थान संरक्षण तथा ब्यवस्थापन समाजलाई सहयोगस्वरुप प्रदान गरेको छ।

यस्तो कार्यलाई निरन्तरता दिन प्रतिष्ठानबाट यस समाजले आवद्धता पत्र प्राप्त गरिसकेको छ। यसो हुँदा आगामी वर्षहरूमा पनि प्रतिष्ठानको यस्तो किसिमको सहयोगले निरन्तरता पाउने आशा गरिएको छ। प्रतिष्ठानको सदभावपूर्ण सहयोगको यस समाज उच्च मूल्यांकन गर्दै प्रतिष्ठानलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ।











कथा

# स्पर्श

**आलोक गौतम**

'फुर्सद छ भने एकपल्ट चाँडै भेट्न पाए हुन्थ्यो । धेरै कुरा गर्नु छ । कहाँ र कहिले भेट होला ?...' उनको इमेल पाएपछि मेरो मनको शान्त तलाउमा ढुंगा हानेभैंm भयो ।

यदाकदा भेट हुन्थ्यो, उनीसँग । एउटै सहरमा भएर पनि चार-पाँच वर्षको अन्तरालमा तीन चारपल्ट मात्र हाम्रो भेट भएको थियो । कहिले नयाँ सडकमा, कहिले सहरको कुनै रेस्टुराँमा त कहिले सार्वजनिक बसमा आक्कलभुक्कल भेट्थें उनलाई । तर लामो कुराकानी कहिले पनि भएन ।

हाँसिरहन्थिन् उनी । मानौं हाँस्न र हँसाउन जन्मेकी हुन् । मान्छेहरू भन्थे- 'साह्रै भाग्यमानी जस्ती छिन् शालिनी ।'

शनिबार दिउँसो दरबारमार्गको नाङ्लो रेस्टुराँमा भेट्ने समय मिलाएर म त्यहाँ पुगें ।

'नमस्कार...-।' उनले टाढैबाट नमस्कार गरिन् । मैले सोधें- 'शालिनी, सञ्चै हुनुहुन्छ ?'

उनले टाउको हल्लाएर 'सञ्चै छु' भन्न खोजिन् तर मुहारमा कुनै खुसी थिएन । भर्खरै झरीले धोएको गुलाबको कोपिला जस्तो उनको सुन्दर अनुहार क्लान्त, उद्विग्न र विषाद्को धूवाँले कालो हुँदै गएको थियो । शब्दको आवरणले मनको घाउ कहाँ छोपिन्छ र ! मैले अनुमान गरें, शालिनी अव्यक्त पीडाको दावानलले भित्रभित्रै जलिसकेकी छिन् । खोक्रो बन्दै गएकी छिन् ।

'कसरी सम्झना आयो ?' मैले एक घुट्की जुस पिएपछि मुसुक्क हाँसेर प्रश्न गरें ।

'लाखौं मान्छेको यो ठूलो सहरमा मन बिसाउने ठाउँ कतै पनि पाइनँ । त्यसैले तपाईंलाई आफ्नो ठानेर गन्थन सुनाउन मन लाग्यो...।' एकै सासमा यति भन्दा नभन्दै उनका आँखाहरू सजल भए ।

मैले उनको छातीभित्र लाभा दन्किरहेको र मुटु सल्किरहेको अनुभूत गरें । कोही पनि मान्छे पराइको छेउमा हत्पत्ति रुँदैन । जो रुन्छ, उसले आफ्नो अगाडि बस्नेलाई पराई ठानेको हुँदैन । उनका सजल नेत्र सायद यही कुराका साक्षी थिए । 'श्रीमान् र छोरीलाई सञ्चै छ ?' मैले व्यावहारिक हुन खोज्दै सहज बन्ने प्रयत्न गरें । 'शैली एघार क्लासमा पढ्दैछे । श्रीमान्को पारा त्यही हो । राति रक्सी धोकेर अबेर घर आउने, कहिले हप्तामा चार-पाँच दिन बाहिरै बस्ने । कहिले डिस्को र क्यासिनोमा मस्त हुने, कुनै दायित्व नलिने तर शब्दले सधैं घोचिरहने, सताइरहने, शंका गरिरहने उहाँको उही पुरानो बानीले म आजित भइसकें । राज, म तपाईंलाई के लुकाऊँ, अचेल उहाँ अर्कै केटी लिएर महाराजगञ्जतिर बस्नुहुन्छ । फोनमा समेत कुराकानी हुँदैन । मोबाइलमा पनि मेरो नम्बर देखेपछि लाइन काट्ने गर्नुहुन्छ ।' '....के गरेको यो उमेरमा ?' मैले प्रश्न गरें ।

शालिनीले टाढाटाढा आकाशमा छरपस्ट भएका बादलहरू हेर्दै भनिन्- 'सायद मभित्रै केही कमजोरी होलान् । बिहे गरेको बाइस वर्षमा पनि मैले मृदुल छेत्रीको मनोविज्ञान बुझ्न सकिनँ ।' उनले यति भनिरहँदा मलाई मृदुलको अनुहार सम्झना आयो । ऊ शालिनी भनेपछि हुरुक्क हुन्थ्यो र मैले लेखिदिएको प्रेमपत्र अर्को कागजमा सारेर सुटुक्क दिने गर्थ्यो । एकदिन शालिनीलाई देख्न नपाउँदा छटपटिने गर्थ्यो । शालिनी कलेजको बिदामा गाउँतिर जाँदा उनी आउने दिन गनेर बस्ने गर्थ्यो । शान्त, शिष्ट, सिर्जनशील भएर पनि ऊ कलेजमा नायक थियो । मृदुभाषी थियो । सहरमा उसलाई नचिन्ने र उसले नचिन्ने मानिस विरलै थिए ।

संभ्रान्त र सुसंस्कृत परिवारकी शालिनी अलि लजालु थिइन् । चैतको पहिलो हप्तातिर लेकमा ढकमक्क फक्रिएको गुराँसजस्ती, मंसिरे पूर्णिमाको जूनजस्ती सबैकी प्रिय थिइन् उनी । कलेजका प्रतियोगिताहरूमा उत्कृष्ट कथा र कविता सुनाएर उनी पुरस्कृत हुन्थिन् । सजिलैसँग मान्छेलाई विश्वास गर्ने कमजोरीले उनी मृदुलसँग नजिकिँदै गइन् । तर मृदुलले काँच र हीराबीचको विभेद थाहा पाउन सकेन ।

'के सोच्नुभएको...?' उनको प्रश्नले म झस्किएँ । 'केही होइन, तपाईंको पीडा सुन्दा मलाई नरमाइलो लाग्यो...।' मैले उनीप्रति सहानुभूति प्रकट गरें ।

साँझतिर हामी आआफ्ना गन्तव्यतिर लाग्यौं । घर पुगेपछि जुनेली रातको उज्यालोमा मैले झ्यालबाट धेरैबेर खुला आकाश हेर्दै बिताएँ । रातको बाह्र बजिसकेको थियो । बाहिरबाट आएको चन्द्रमाको किरणमा मैले मेरी जीवनसँगिनीको गोरो अनुहारमा शालिनीको तस्बिर देखें । बिस्तारै स्पर्श गरें । उनी मस्त निदाएकी थिइन् । गाला र निधारमा चुम्बन गरें । एक किसिमको मोहक सुवासले कता कता मन पुलकित भएभैंm लाग्यो । पुनः नियालेर उनलाई हेरें । शालिनीको नियतिसँग तुलना गरें । मन बेचैन भइरह्यो । धेरैबेर निदाउन सकिनँ । मनमा हो कि मुटुमा कतै दुखिरह्यो ।

बिस्तारै शालिनीसँग भेटघाट बढ्दै गयो । थाहा नभई मनभित्र उनीप्रतिको आसक्ति बढ्दै गयो । जब कुनै अपेक्षा, स्वार्थ अनि योजनाबेगर मानिस कसैसँग नजिक बन्छ, त्यो सम्बन्ध अप्रत्याशित रुपले गाढा बन्दो रहेछ । मलाई पनि त्यस्तै भयो ।

एउटा सेमिनारमा भाग लिन शालिनी र म पोखरा पुग्यौं । बेगनास तालको किनारमा बसेर टाढाटाढाका हरिया पहाडहरू हेर्दै मैले उनको अतीत पल्टाउने प्रयत्न गरें । यस्तै पहाडको एउटा सुदूर गाउँमा जन्मेकी थिइन् उनी । केही कुराको दुःख थिएन उनलाई । हाँस्दै खेल्दै बुबाआमाको काखमा बित्यो बाल्याकाल र किशोरी जीवन ।

उमेर छिप्पिँदै जाँदा उनका सपनाहरू पनि छिप्पिए । आकांक्षाहरू झाँगिए र रहरहरू हुर्कंदै गए । तर आकाशमा उन्मुक्त विचरण गर्ने स्वतन्त्र पक्षीलाई पिंजरामा थुनेपछि पखेटाहरू आफैं कुँजिन्छन् । शालिनीको जीवनमा पनि त्यस्तै भयो । उनको प्रतिभा, क्षमता र खुसी कैदी भयो । 'अर्काकी पत्नी' भएपछि 'आफ्नो' केही बाँकी रहँदैन पछौटे समाजमा । उनलाई पनि त्यस्तै भयो ।

कालान्तरमा, शालिनीले आफ्ना सपनाहरूलाई 'हाराकिरी' गर्न नदिने वाचा गरिन् । विद्रोह गरिन् उनलाई थुनेर राख्न खोज्नेहरूसँग । विदेश गएर आफूलाई उभ्याउने प्रयत्न गरिन् । संघर्ष गरिन् । पति र छोरीको खुसीका लागि आफ्ना खुसीहरूको घाँटी थिचिन् । पति, छोरी र आफन्तहरूलाई सम्झेर सिरानी भिजाउँदै रोइन् । परदेशी सहरमा एक्लै एक्लै कैयन् वर्ष पसिना बगाइन् । कहिलेकाहीं फुर्सदमा ऐना हेर्दा उनलाई लाग्थ्यो- 'किन म आफ्ना खुसी, उमंग र उल्लासहरूलाई जलाएर यति टाढा आएकी हुँला । केका लागि ?'

पति र छोरीको तस्बिर बोलेझैं लाग्थ्यो... 'हामीलाई पनि तिमी टाढा हुँदा कहाँ खुसी लागेको छ र...।'

'घर फर्केपछि घर नै घरजस्तो भएन । मृदुल मबाट टाढिँदै गयो । मेरो केही दोष छैन । म बिलकुलै निर्दोष छु । जसका लागि मैले मेरो यौवन र अमूल्य खुसीहरूलाई तिलाञ्जली दिएँ, आज ऊ मबाट किन टाढा भयो...? यही प्रश्नले मलाई बारम्बार घोचिरहन्छ ।' शालिनीको मनभित्र चलेको आँधीबेहरी उनको आँखामा म सजिलै पढ्न सक्छु ।

शालिनीसँग मेरो भावनात्मक सम्बन्ध बढ्दै जाँदा म अभिन्न साथी बन्न पुगें । हामी आज एक अर्काका मनका कुरा छताछुल्ल पोख्ने गर्छौं । यसो गर्दा मन हलुको हुँदोरहेछ सिमलको भुवाजस्तो । साउनको झरी थियो । एकदिन हामीले कैयन् घन्टा सँगै बितायौं । शालिनी एक्लै थिइन् घरमा । एक किसिमको खुसी र सन्तुष्टि देखिन्थ्यो उनको मुहारमा ।

हाँसो, खुसी, उमंग र अलिकति विषाद् । पुनः हाँसो, ख्यालठट्टा र रमाइला प्रसंगहरू । समय बितेको पत्तै भएन ।

बाहिर घनघोर पानी परिरहेको थियो । शलिनीको बेडरुमको कार्पेटमा बसेर म अखबार पल्टाउँदै उनको कथा-व्यथा सुन्दै थिएँ । आलु-प्याजको तात्तातो पकौडा र चिया छेउमा राख्दै उनले बिस्तारै मेरा औंलाहरू स्पर्श गरिन् । ओठहरू छोइन् । कपाल सुम्सुम्याइन् । उनका लोलाएका आँखाहरू मौन भए पनि औंलाहरू बोलिरहेका थिए । उनको स्पर्श आफैंमा एउटा कथाको प्रारम्भ थियो ।

स्वास्थ्य

# फर्सी : युरिक एसिडको अचुक वाण



गलत खानपान र असन्तुलित जीवनशैलीका कारण मानिसमा युरिक एसिडको समस्या पछिल्लो समय धेरै बढेको छ । युरिक एसिड हाम्रो शरीरमा बन्ने एक प्रकारको फोहोर पदार्थ हो । शरीरमा प्युरिन नामको प्रोटिन टुट्दा यो बन्ने गर्छ । युरिक एसिडको मात्रा बढ्दा जोर्नीमा एक प्रकारको क्रिस्टल बन्ने गर्छ । जसका कारण जोर्नी तथा हड्डी सुन्निने र दुख्नेजस्ता समस्या हुन सक्छन् । यति मात्र होइन, थुप्रै गम्भीर अवस्थामा हिँड्नसमेत मुस्किल हुने गर्छ । लामो समयसम्म युरिक एसिडको मात्रा उच्च भइरहे अर्थराइटिस र ओस्टियोपोरोसिस जस्ता रोग पनि लाग्न सक्छ । तर, खानामा सुधार गरेर र जीवनशैलीमा केही परिवर्तन गरेर उच्च युरिक एसिडलाई नियन्त्रण गर्न सकिन्छ । बढेको युरिक एसिडलाई कम गर्न फर्सीको सेवन निकै फाइदाजनक मानिन्छ । आज यस लेखमा हामी तपाईंलाई फर्सी खानुका फाइदा र युरिक एसिड घटाउने तरिकाबारे जानकारी दिइरहेका छौं ।

युरिक एसिडको समस्यामा केही तरकारीको सेवन लाभदायक मानिन्छ । फर्सीमा भिटामिन-ए, भिटामिन-सी, भिटामिन-ई, पोटासियम, जिङ्क र बिटा क्यारोटिन जस्ता पोषक तत्त्वहरू प्रशस्त मात्रामा पाइन्छन् । यसमा प्रशस्त मात्रामा फाइबर हुन्छ, जसले पाचन प्रक्रियालाई सुधार्न मद्दत गर्छ । यसले डाइजेस्टिभ इन्जाइमलाई बढ्न प्रोत्साहन दिन्छ, जसले प्रोटिन पचाउन मद्दत गर्छ । साथै, मेटाबोलिजम पनि बढ्छ ।

फर्सीको बीउमा एन्टिअक्सिडेन्ट गुणहरू प्रशस्त हुन्छन् । यसले शरीरमा जम्मा भएको टक्सिन र युरिक एसिडलाई बाहिर निकाल्न मद्दत गर्छ । यसको नियमित सेवनले कलेजोको कार्यक्षमता बढाउन र शरीरबाट विषाक्त पदार्थ हटाउन निकै फाइदाजनक हुन्छ । यसले शरीरमा युरिक एसिड जम्मा हुन दिँदैन । फर्सीमा एन्टी-इन्फ्लेमेटरी गुण पनि हुन्छ, जसले जोर्नी दुख्ने र सुन्निने समस्याबाट राहत दिन्छ ।

शरीरमा बढेको युरिक एसिडलाई नियन्त्रण गर्न फर्सीको सेवन धेरै तरिकाले गर्न सकिन्छ । जस्तै, तपाईं फर्सीको सुप बनाएर नियमित रूपमा यसको सेवन गर्न सक्नुहुन्छ । यसका लागि फर्सीलाई सुरुमा उसिन्नुहोस् र यसलाई चम्चा वा हातको सहायताले मसिनो बनाउनुहोस् । यसमा प्याज, लसुन, मरीच र मसाला हालेर खानुहोस् । यसबाहेक तपाईं फर्सीको तरकारी बनाएर पनि खान सक्नुहुन्छ ।

# मध्यपूर्वकी नेपाली मोडल चाँदनी



काठमाडौं । मध्यपूर्वी देशहरू नेपालमा खासगरी नेपाली कामदार काम गर्न जाने गन्तव्यका रूपमा चिनिन्छन् । तर कामकै सिलसिलामा यूएई पुगेर पनि आफ्नो अर्कै पहिचान बनाएको नेपाली नाम हो, चाँदनी । कामका लागि त्यहाँ पुगेर पनि आफ्नो रुचिअनुसारकै काम गर्न र त्यसलाई व्यवसायमा ल्याउन उनी सफल भएकी छन् । बाल्यकालदेखि नै चलचित्रकी सौखिन चाँदनी पाठक दुबईकी यस्तै एक व्यावसायिक मोडल हुन् । अहिले उनले आफ्नो पहिचान नेपाली गन्तव्य मुलुककी एक सफल मोडलका रूपमा स्थापित गरिसकेकी छन् ।

सन् २००९ मा आयोजना भएको 'मिस नेपाल' मा सहभागी भएपछि उनको मोडलिङको यात्रा सुरु भएको हो । अन्तिम पन्ध्रसम्मको यात्रा तय गरेपछि पाठक बाहिरिइन् । त्यसपछि उनले म्युजिक भिडियोमा अभिनय, नृत्य निर्देशनलाई निरन्तरता दिइन् । त्यसरी सुरु भएको उनको सोख अहिले व्यवसायमा परिणत भएको छ । अहिले यूएईकी एक सफल मोडलका रूपमा उनी यहाँका नेपालीमाझ परिचित छिन् ।

'मैले अभिनयसँगै नृत्य निर्देशनलाई पनि अगाडि बढाएँ । चार वर्षसम मोडलिङसँगै जोडिएको विधामा सक्रिय रहँदा नै कामकै सिलसिलामा दुबई पुगेकी हुँ' मोडल पाठकले भनिन् 'एक वर्षका लागि तय भएको गन्तव्य अहिले कर्मथलो बनेको छ । आफ्नै व्यापार छ । मोडलिङ पनि गरिरहेकी छु ।' दुबई पुगेर उनले सातको हाराहारीमा भिडियोमा काम गरिरहेकी छन् । प्रायः नेपाली समाजले आयोजना गर्ने सांस्कृतिक कार्यक्रममा उनको सहभागिता हुने गर्दछ । यहाँको स्थानीय भाषामा बन्ने भिडियोमा अभिनय गर्ने तयारीसमेत भइरहेको उनले बताइन् ।

यतिखेर भने उहाँ इन्ट्रा-नेसनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाको आयोजनामा हाल यहाँ जारी 'मेरो डान्स युनिभर्स' र 'मेरो भ्वाइस युनिभर्स'का प्रतियोगीसँग मोडलिङमै साक्षात्कार गर्न काठमाडौं आएकी छन् । संकर्षको समयमा साझा मञ्च नहुँदा भोग्ने परिस्थितिसँग अभ्यस्त भएकाले पनि विश्वभर रहेका नेपालीलाई एउटै सोमा देख्दा खुसी लागेको पाठकले बताइन् ।

नेपाल टेलिभिजनमा बुधबार र बिहीबार राति 'मेरो भ्वाइस युनिभर्स' र नेपाल टेलिभिजन प्लसमा शुक्रबार र शनिबार 'मेरो डान्स युनिभर्स'को प्रसारण यसै साताबाट सुरु भएको छ । सो प्रतियोगिताका विजेतालाई १ करोड, द्वितीयलाई ३० लाख र तृतीयलाई २० लाख दिइने आयोजकले जनाएको छ । राससबाट

# आफैंलाई चिनाउने कृति: जीवन दर्शन

**दर्शनको पृष्ठभूमि**

प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतनाबारेको विवेचना र विश्लेषण गरिने विधालाई दर्शन भनिन्छ । कुनै विषयमा व्यापक रूपमा यथार्थ परिचय दिने शास्त्र - आध्यात्मिक तथा भौतिक वस्तु चिन्तन वा विश्लेषण गरिएको कथन नै अर्को शब्दमा दर्शन हो । वास्तवमा यो एउटा गहन विषय हो । कुनै कथा, निबन्ध या उपन्यास जस्तो सामान्य पाठकले सजिलै दर्शन बुझिने विषय होइन । विभिन्न विषयका अनेकौं नामका दर्शनहरु छन् । पूर्वीय दर्शन, पश्चिमा दर्शन, आध्यात्मिक दर्शन, भौतिकवादी दर्शन इत्यादि नामले दर्शनलाई नामकरण गरिएको पाइन्छ । दर्शनबारे लेखिएका अनेकौं ग्रन्थहरु पाइन्छन् । केही पुस्तकहरूका नाम हुन् : (१) वेदान्त दर्शन (ब्रह्मसूत्र) महर्षि वेदव्यास प्रणित (२) दर्शन शास्त्रको प्रारम्भिक ज्ञान रसियन लेखक - भिक्टर, आफ्ना सयम (३) दर्शन दिग्दर्शन - राहुल सांकृत्यायन (४) सारसङ्क्षेपमा पूर्वीय दर्शन र सारसङ्क्षेपमा पश्चिमी दर्शन पुस्तकहरु - श्री विष्णु अधिकारी (५) पूर्वीय दर्शनको पूनर्व्याख्यान - डा. प्रमोद ढकाल (६) अध्यात्म दर्शन - पवित्र बहादुर खड्का । उल्लिखित पुस्तकहरूले वैदिक दर्शन, भारतीय दर्शन, युनानी दर्शन, इस्लामी दर्शन, बौद्ध दर्शन, युरोपेली दर्शन आदिबारे विशद ज्ञान प्रदान गर्दछ ।

**प्रारम्भ (लेखक श्री अर्यालज्यूको सङ्क्षिप्त परिचय)**

श्री टीकाराम उपाध्याय अर्यालज्यूले लेख्नुभएको 'जीवन दर्शन' पुस्तक हालै मैले पढ्ने सौभाग्य पाएँ । अर्यालज्यू आध्यात्मिक पुस्तकहरूका एक सशक्त लेखक हुनुहुन्छ । उहाँ एक सफल एवं कुशल प्रशासक पनि हुनुहुन्छ । सरकारको उच्च ओहदाहरु- प्रमुख जिल्ला अधिकारी, क्षेत्रीय प्रशासक एवं विभिन्न मन्त्रालयहरूका उच्च पदहरूमा सेवा गरी हाल सेवा निवृत्त हुनुहुन्छ । सामाजिक अभियन्ता, आध्यात्मिक चिन्तक हुनुको साथै विभिन्न सामाजिक एवं धार्मिक सङ्घ सङ्स्थाहरूमा आवद्ध भई सक्रिय जीवन यापन गरिरहनु भएको छ । उहाँले लेख्नुभएका (१) नेपालको मुलुकी प्रशासन र प्रशासनिक सुधारहरु (२) सङ्युक्त राष्ट्र सङ्घीय शान्ति सेवामा शाही नेपाली सेनाको सक्रिय योगदान (३) भावनाका तरङ्गहरु (कविता सङ्ग्रह) (४) गीता ज्ञान एवम् जीवन सार र (५) तीर्थ यात्रा पुस्तकहरु







नेपाली पाठकहरूको माझ लोकप्रिय रहेका छन् ।

मेरो यो सानो लेखको सन्दर्भ अर्यालज्यूले लेख्नुभएको पुस्तक 'जीवन दर्शन' हो । म एक स्वयम् सामान्य पाठकको हिसाबले दर्शन शास्त्रका पुस्तकहरु पढ्न अभिरूचि राख्छु । दर्शन जस्तो अति गहन विषयमा मैले चासो राख्नु भनेको - पौडी खेल्न नजान्ने व्यक्तिले समुद्रमा डुबुल्की मार्ने जस्तो दुरूह प्रयास मात्र हुने ठान्दछु । तैपनि मैले दर्शन शास्त्रका केही पुस्तकहरु चियाइसकेको थिएँ ।

प्रस्तुत 'जीवन दर्शन' पुस्तकमा निम्नलिखित शीर्षकका ११ ओटा लेखहरु रहेका छन् । (१) जीवन दर्शन (२) गहना कर्मणोगति (कर्मको गति गहन छ) (३) धर्म (४) सम्भवामी युगे युगे (म युग युगमा अवतरित हुन्छु (५) सुखमय जीवन (६ ध्रूवाँ (७) माकुरो (८) कुर्सी (९) त्रिविधा भवति श्रद्धा (१०) कीर्तियस्य र जीवती (११) युध्यस्व विगत ज्वरः (सन्ताप मुक्त भएर लड) । यी सबै लेखहरु अध्यात्म दर्शनमै आधारित छन् ।

उल्लिखित लेखका शीर्षकहरूले पुस्तकको गहनताको छनक दिन्छन् । पाँच ओटा लेखहरूको शीर्षक सङ्स्कृत भाषामा रहेका छन् । पहिलो लेखको शीर्षकबाटै यस पुस्तकको नाम रहन गएको छ ।

**पुस्तकको भूमिका**

यस पुस्तकको भूमिकामा प्रा. शिवगोपाल रिसालज्यूको शब्द - "जीवन दर्शनको दर्शन भएपछि" रहेको छ । रिसालज्यूले यहाँ दर्शनको बारे ज्यादै राम्रो शब्द निम्नअनुसार प्रस्तुत गर्नु भएको छ । जीवन नै एउटा दर्शन हो । मृत्यु अर्को दर्शन हो । सृष्टि पनि महान् दर्शन हो । सुसुप्तिमा जगत् छैन । समाधिमा जगत् छैन । नचिताएको बेलमा जगत् छैन भने जगत् कुनै हालतमा पनि छैन । यही हो दर्शनको पनि दर्शन । यही हो सर्वोच्च दर्शन, यही दर्शनलाई आत्मसात् गरी जीवन कालमा नै ब्रह्मात्मै क्यबोध गरी मुक्त हुनु नै जीवनको दर्शन हो । यो पुस्तक (जीवन दर्शन) लाई चिनाउनै पर्दैन, यहाँका प्रत्येक शीर्षक, अनुच्छेद, पङ्क्ति र शब्द-शब्दले बोलिरहेका छन् । यी कति गहन, गम्भीर र गतिशील छन् । यसरी प्रा. शिवगोपाल रिसालज्यूको लेखनीले पुस्तकको अति सुन्दर एउटा तस्बिर प्रस्तुत भएको छ ।

**आत्म निवेदन**

लेखक श्री टीकाराम अर्यालज्यूले आफ्ना आत्मनिवेदन शीर्षकमा पोख्नुभएको निम्नलिखित कुरालाई पनि यहाँ उद्धृत गर्न सादर्भिक ठान्दछु ।

"जीवनदर्शन अत्यन्त गम्भीर र गहन विषय हो । सबैले आफ्नो जीवनको लक्ष्य परमात्मा प्राप्तिलाई बनाउनुपर्दछ भनेर, धर्मशास्त्र, वेद, पुराण, सन्त, महात्मा, तपस्वीहरूले उद्घोषण गर्नुभएको छ । हाम्रो मानवजीवन दर्शन हो, देख्न योग्य हो, दर्शनीय हो । कुनै पनि वस्तुको वास्तविकता बुझ्ने कोसिस नै दर्शन हो । जड र चेतनको सूक्ष्मभन्दा पनि सूक्ष्म तत्त्वलाई केलाएर देखाउनुलाई दर्शन भनिन्छ ।" यसरी अर्यालज्यूले आफ्नो लेखको अन्तमा दर्शनको बारे अझ व्यापक रूपमा निम्नअनुसार व्याख्या गर्नुभएको छ ।

मानव जीवनको जटिलताबारे चिन्तन गरिने मानसिक क्रियाकलाप दर्शन हो । दर्शन दिमागी कसरत मात्र नभएर जीवन पद्धति पनि हो । कुनै पनि ज्ञानको गहिराइतर्फको यात्रा नै दर्शन हो । जीवनमा प्राप्त अनुभूतिहरूको आधारमा बुद्धिको माध्यमले गरिएको अन्तिम सत्यको खोजी नै दर्शन हो । हजारौं वर्ष पहिलेका तत्त्वजिज्ञासु ऋषिहरूले ज्ञानको ज्योति बालेर यथार्थताको अन्वेषण गरे । त्यही अन्वेषण नै पूर्वीय दर्शनको आधारस्तम्भ बन्यो । मान्छेले जीवन र जगत् अझै विसङ्गत अनुभव गर्न थाल्यो र त्यही विसङ्गतिबाट सङ्गति खोज्ने प्रयास नै मानव जीवनदर्शन हो, अन्तिम सत्यको खोजीमा मानिसले आफूलाई लगाइरह्यो । मृत्युको भयले मानिसलाई छोडेन । पाश्चात्य परम्परामा दर्शनको अर्थ ज्ञानप्रतिको प्रेम अथवा ज्ञानको अन्वेषण भन्ने हुन्छ । भारतीय (पूर्वीय) दर्शनको उत्पत्ति मानसिक असन्तोषको कारण हुन्छ तर पाश्चात्य दर्शनको उत्पत्ति बौद्धिक जिज्ञासाबाट हुन्छ । दर्शनको अध्ययन केवल ज्ञानप्राप्ति मात्र नभएर मोक्षप्राप्ति पनि हो । जीवनको चरम उद्देश्य मोक्षप्राप्ति हो ।

**सारसङ्क्षेपमा**

हाम्रा पूर्वीय आध्यात्मिक दर्शनका असङ्ख्य शास्त्रहरूमा उल्लेख भएका सङ्स्कृत श्लोकहरूमध्ये लेखक श्री टीकाराम अर्यालज्यूले अति महत्त्वपूर्ण ८० ओटा श्लोकहरूलाई मूल आधार बनाई यो जीवनदर्शन पुस्तक तयार गर्नुभएको देखिन्छ । विशेष गरी गीताका श्लोक, श्रीमद्भागवतका श्लोक, उपनिषदका श्लोकहरु रहेका छन् । सम्पूर्ण शास्त्रहरु कुनै मानवले जीवनभरि अध्ययन गरे तापनि सम्पूर्णरूपमा अध्ययन गर्न सम्भव छैन । केवल पुस्तक अध्ययन गर्नु मात्रको अर्थ पनि छैन । जबसम्म शास्त्रले बताएका कुरालाई आफ्नो जीवनमा उतार्न सकिदैन, त्यसको कुनै मूल्य रहँदैन । मलाई लाग्छ, यो जीवनदर्शन पुस्तकको गहन अध्ययन गरी आफ्नो जीवनमा व्यावहारिक रूपमा उतार्न सकियो भने त्यसको जीवन धन्य हुन्छ । यस्तो महत्त्वपूर्ण पुस्तक तयार गरी प्रकाशन गर्नुभएकोमा श्री अर्यालज्यू धन्यवादका पात्र हुनुहुन्छ । वास्तवमा म पुस्तकको समीक्षक होइन । समीक्षा गर्ने क्षमता पनि ममा छैन । केवल मलाई लागेका २-४ शब्दहरूमात्र टिपोटको रूपमा यहाँ प्रस्तुत गरेको हुँ ।

श्री भीम तामाङज्यूले तयार गर्नुभएको रङ्गीन चित्रद्वारा यो कृतिलाई आकर्षित पारिएको छ । श्रीमती कृष्णकुमारी उपाध्यायले प्रकाशन गर्नुभएको यो पुस्तकको मूल्य मात्र रू.१००।- रहेको छ । आफ्ना माता स्व. श्रीमती शिवधरा उपाध्याय र पिता स्व. कलाधर उपाध्यायप्रति समर्पण गरिएको यो पुस्तक पठनीय र सङ्ग्रहणीय छ भन्ने मलाई लागेको छ । ॐ शान्तिः शान्ति शान्ति


# हार्दिक समवेदना



जन्म
१९८७

स्वर्गारोहण
२०८०

यस ग्रेटर नेपाल साप्ताहिकका संरक्षक संस्था सुरेन्द्र ढकाल प्रतिष्ठानको कार्यकारी परिषद सदस्य शारदा मोक्तानकी ममतामयी माता जमुनादेवी मोक्तान यही बैशाख १३ गते स्वर्गारोहण हुनुभएकोमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सप्तत परिवारजनप्रति हार्दिक समवेदना ज्ञापन गर्दछौं ।

**सुरेन्द्र ढकाल प्रतिष्ठान तथा ग्रेटर नेपाल साप्ताहिक परिवार**

# बढ्दो जनसंख्या भारतका लागि अभिशाप



विष्णु भट्टराई

भारत विश्वको सर्वाधिक जनसंख्या भएको देश बनेको छ, संयुक्त राष्ट्र संघको पछिल्लो अनुमानले यही भन्छ । यसको अर्थ विश्वको सबैभन्दा बढी जनसंख्या भएको देशको सूचीमा चीन दोस्रो स्थानमा झरेको छ । तर, यो आधिकारिक तथ्यांक भने होइन । आधिकारिक तथ्यांक आउन अझ केही समय पर्खनुपर्नेछ ।

तर, यथार्थ के हो भने, भारत र चीन दुवै देशको जनसंख्या १ अर्ब ४० करोडभन्दा बढी छ । पछिल्लो ७० वर्षयता विश्वको कुल जनसंख्याको एक तिहाई हिस्सा भारत र चीनले ओगटेको छ । राष्ट्र संघको पछिल्लो अनुमानअनुसार, अहिले भारतको जनसंख्या १ अर्ब ४२ करोड ५७ लाख ७५ हजार ८ सय ५० पुगेको छ । भारतमा सन् २०२१ मा जनगणना गर्ने कार्यक्रम थियो । तर, विभिन्न कारणले निर्धारित समयमा जनगणना हुन सकेन । त्यसैले भारतको जनसंख्याको आधिकारिक तथ्यांक आउन नसकेको हो ।

अर्कोतिर, चीनमा भने पछिल्लो पटक सन् २०२० मा सातौं जनगणना भएको थियो । त्यसयता चीनमा कति जनसंख्या बढ्यो भन्ने कुरा पनि अनुमानमै आधारित हो । यद्यपि यसका लागि राष्ट्र संघले भारत र चीनको जनसंख्या वृद्धिदर, मृत्युदर, बसाइसराइजस्ता तथ्यांकलाई आधार बनाएको छ । पछिल्लो समय चीनको जनसंख्या वृद्धि दर घट्दै गएकाले पनि भारतले चीनलाई उछिनेको अनुमान गरिएको हो ।

राष्ट्र संघको अनुमानलाई विश्वास गर्ने हो भने भारतमा अझ केही दशकसम्म जन्मदर उच्च नै रहने छ । सन् २०६४ सम्ममा भारतको जनसंख्या वृद्धिदर उच्च बिन्दुमा पुग्ने राष्ट्र संघको अनुमान छ ।

गत वर्ष चीनमा १ करोड ६० लाख शिशु जन्मिएका थिए । गत वर्ष चीनको जन्मदर र मृत्युदरको तथ्यांकलाई हेर्ने हो भने जन्मदर थोरैले मात्र बढी देखिन्छ । आगामी वर्ष पनि चीनको जन्मदर घट्ने राष्ट्र संघको अनुमान छ । यतिमात्र होइन, राष्ट्र संघको अनुमानलाई आधार मान्ने हो भने यो शताब्दीको अन्त्यसम्ममा चीनको जनसंख्या १ अर्बभन्दा पनि तल झर्नेछ ।

भारतमा पनि पछिल्लो समय प्रत्येक महिलाले सन्तान जन्माउने दर क्रमशः घट्दै गएको छ । भारतमा सन् १९५० मा प्रत्येक महिलाले औसतमा ५.७ सन्तान जन्माउने गरेका थिए । तर, त्यो घटेर अहिले प्रत्येक महिलाले औसतमा २ जना सन्तान मात्र जन्माउने गरेका छन् ।

तर, माथिको तथ्यांकलाई हेर्दा यो दर सुस्त देखिन्छ । राष्ट्र संघको अनुमानलाई विश्वास गर्ने हो भने भारतमा अझ केही दशकसम्म जन्मदर उच्च नै रहने छ । सन् २०६४ सम्ममा भारतको जनसंख्या वृद्धिदर उच्च बिन्दुमा पुग्ने राष्ट्र संघको अनुमान छ । त्यसपछि भने क्रमशः भारतको जनसंख्या वृद्धिदर क्रमशः ओरालो लाग्नेछ ।

यसको विपरीत चीनले भने आफ्नो देशभित्र जनसंख्या वृद्धिदर घटाउँदै लगेको छ । सन् १९७३ मा चीनको जनसंख्या वृद्धिदर २ प्रतिशत रहेकोमा सन् १९८३ सम्म आइपुग्दा त्यो घटेर १.१ प्रतिशतमा सीमित भएको थियो । जनसंख्या वृद्धिदर घट्नुमा मानव अधिकारको विषयले महत्त्वपूर्ण योगदान पुर्‍याएको पाइन्छ । यसका लागि चीनले केवल एक सन्तान जन्माउन प्रोत्साहन गर्ने र बाल विवाहलाई पूर्ण रूपमा निषेध गर्ने वृहत् अभियान सञ्चालन गरेको थियो ।

यसैगरी चीनले आफ्ना ग्रामीण क्षेत्रहरूमा पहिलो सन्तान जन्मिएको लामो समयपछि मात्र दोस्रो सन्तान जन्माउन जनचेतना अभियान पनि सञ्चालन गरेको थियो । यसका अतिरिक्त जनस्वास्थ्यमा गतिलो लगानी, महिला शिक्षामा लगानी वृद्धिजस्ता पक्षहरूले पनि यसमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

भारतको जनसंख्या वृद्धिदरको कथा भने केही फरक देखिन्छ । खास गरी पछिल्लो ६ दशकयता (भारत स्वतन्त्र भएपछि) भारतको जनसंख्या वृद्धिदरमा निकै उतारचढाव आएको तथ्यांकले देखाउँछ । सन् १९५१ मा भारतको जनसंख्या ३६ करोड १० लाखको हाराहारीमा थियो ।

त्यसपछि सन् २०११ सम्म आइपुग्दा भारतको जनसंख्या बढेर १ अर्ब २० करोड पुगेको थियो । यसलाई आधार मान्दा भारतमा जनसंख्या वृद्धिदर निकै तीव्र देखिन्छ । वार्षिक २ प्रतिशतभन्दा पनि बढी । पछिल्लो समय भने स्वास्थ्य क्षेत्रमा आएको सुधारले मृत्युदरमा कमी, मानवीय आवश्यकतामा वृद्धि, कामदारको ज्याला (पारिश्रमिक) मा अपेक्षित सुधार आउन नसक्नुजस्ता कारणले पनि जनसंख्या वृद्धिदरमा प्रभाव पारेको पाइन्छ ।

'पछिल्लो समय खास गरी सहरी क्षेत्रमा बसोबास गर्ने नागरिकको स्वच्छ पिउने पानीमा पहुँच, आधुनिक सुविधाहरूमा पहुँचजस्ता कारणले जनसंख्या वृद्धिदरमा प्रभाव पारेको देखिन्छ । यी कारणले पनि जनसंख्या बढाउन मद्दत गरेको छ,' लण्डन स्कुल अफ इकोनोमिक्सका डेमोग्राफर टिम डाइसन भन्छन् ।

भारतमा सन् १९५२ मा पहिलो पटक परिवार नियोजन कार्यक्रम सञ्चालन गरिएको थियो । त्यसपछि सन् १९७६ मा जनसंख्या नीति अगाडि सारिएको थियो । सन् १९७५ मा सङ्कटकालको समयमा भारतले आफ्ना नागरिकको जबरजस्ती बन्ध्याकरण गर्ने अभियान पनि सञ्चालन गरेको थियो ।

त्यतिबेला नागरिकका थुप्रै अधिकार सरकारद्वारा नियन्त्रित थियो । सरकारले सञ्चालन गरेको जबरजस्ती बन्ध्याकरण अभियानले पनि परिवार नियोजन अभियानमा नकारात्मक प्रभाव पारेको थियो । जबकि त्यतिबेला चीन आफ्नो जनसंख्या वृद्धिदर घटाउने अभियानमा सक्रिय भइसकेको थियो ।

'भारतमा आपत्काल नलगेको र नेतृत्वले पनि सक्रिय पहल लिएको भए प्रजननदर अझै तीव्र गतिमा घट्न सक्थ्यो । यसले त्यसपछि बनेका सरकारहरूलाई पनि परिवार नियोजनको नीतिमा सम्हालिएर अघि बढ्न बाध्य बनायो,' प्राध्यापक डाइसन भन्छन् ।

पूर्वी एसियाली देशहरू कोरिया, मलेसिया, ताइवान र थाइल्यान्डले भारतभन्दा निकै पछि जनसंख्या नियन्त्रणका कार्यक्रमहरू लागु गरेका थिए । तर, उनीहरूले निकै चाँडो न्यून प्रजननदर, न्यून शिशु तथा मातृ मृत्युदर, अधिक आयवृद्धि तथा मानव विकासमा अप्रत्याशित सुधार हासिल गरे ।

भारत लामो समयदेखि संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्मा स्थायी सदस्य बन्ने योजनामा छ । यसले भारतको त्यो दाबीलाई पनि थप बल पुर्‍याउने सम्भावना देखिन्छ ।

सन् १९४७ मा भारत स्वतन्त्र भएयता १ अर्बभन्दा बढी जनसंख्या थपिएको छ । आगामी ४० वर्षसम्म भारतमा जनसंख्या बढ्ने क्रम जारी नै रहने राष्ट्र संघको अनुमान छ । तर, विगतको तुलनामा





पछिल्लो समय भारतको जनसंख्या वृद्धिदर केही घटेको देखिन्छ । बढ्दो जनसंख्या वृद्धिदरको विषयलाई लिएर पछिल्लो समय भारतमा चर्को बहस पनि सुरु भएको छ । यसमा खास गरी दुई प्रकारका धारणा अगाडि आएका छन् ।

एउटा पक्षले बढ्दो जनसंख्यालाई देशको शक्तिका रूपमा लिएको पाइन्छ भने अर्को पक्षले बढ्दो जनसंख्याले भारतमा विपत्तिको अवस्था निम्त्याउने तर्क अघि सार्ने गरेका छन् । बढ्दो आम्दानीसँगै स्वास्थ्य र शिक्षामा आएको सुधारका कारण भारतीय महिलाले पछिल्लो समय तुलनात्मक रूपमा थोरै बच्चा जन्माउन थालेका छन् ।

पछिल्लो तथ्यांक अनुसार, भारतको २२ मध्ये १७ राज्यमा प्रजननदर, प्रतिस्थापन तहभन्दा कम, प्रति महिला दुई शिशुमा झरेको छ । जनसंख्याको स्तर उस्तै राखिराख्न आवश्यक जन्मदरलाई प्रतिस्थापन तह भनिन्छ । खास गरी भारतको उत्तरी राज्यहरूको तुलनामा दक्षिणी राज्यहरूमा जन्मदर कम भएको देखिन्छ । 'भारतका अन्य राज्यहरू पनि दक्षिण भारतजस्तो हुन नसक्नु दुःखलाग्दो कुरा हो,' डाइसन भन्छन् ।

भारत लामो समयदेखि संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्मा स्थायी सदस्य बन्ने योजनामा छ । यसले भारतको त्यो दाबीलाई पनि थप बल पुर्‍याउने सम्भावना देखिन्छ । अहिले सुरक्षा परिषद्मा चीनसहित ५ स्थायी सदस्य छन् । भारत राष्ट्र संघको संस्थापक सदस्य हो । 'मलाई लाग्छ सबैभन्दा धेरै जनसंख्या हुनु भनेको स्वाभाविक रूपमा केही महत्त्वपूर्ण कुरामा तपाईंको दाबी अवश्य रहन्छ,' राष्ट्र संघको आर्थिक तथा सामाजिक मामिला विभागको जनसंख्या महाशाखाका निर्देशक जोन विल्मथ भन्छन् ।

मुम्बईस्थित इन्टरनेशनल इन्स्टिच्युट फर पोपुलेशन साइन्सेजका केएस जेम्सका अनुसार भारतमा जनसांख्यिक वितरणमा आइरहेको परिवर्तनले पनि महत्त्वपूर्ण अर्थ राख्छ । धेरै कमीकमजोरी हुँदाहुँदै पनि भारतले गरिब तथा अशिक्षित समाज रहेको देशमा प्रजातान्त्रिक संरचनाभित्र रहेर जनसंख्यालाई सन्तुलित रूपमा व्यवस्थापन गरेको जेम्सको बुझाई छ । 'अधिकांश देशले यस्तो सफलता उच्च साक्षरता र उच्च जीवनस्तर हासिल गरिसकेपछि मात्र प्राप्त गरेका छन्,' उनी भन्छन् ।

उच्च जनसंख्या हुनुको अर्को सुखद् पक्ष पनि छ । पछिल्लो समय विश्वमा २५ वर्ष उमेर पुगेका प्रत्येक पाँचमध्ये एक व्यक्ति भारतीय हुन् । भारतको जनसंख्याको ४७ प्रतिशत हिस्सा २५ वर्षभन्दा कम उमेरका मानिसको छ । अहिलेको भारतका दुईतिहाइ नागरिकहरू देशले सन् १९९० मा अर्थव्यवस्थामा उदारीकरणको नीति अँगालिसकेपछि जन्मिएका हुन् । यो युवा पुस्तामा विशिष्ट क्षमताहरू रहेको अर्थशास्त्री श्रुति राजगोपालनले एउटा नयाँ शोधमा उल्लेख गरेकी छन् । 'ज्ञान तथा नेटवर्क वस्तुको अर्थतन्त्रमा यो पुस्ता नै सबभन्दा विशाल उपभोक्ता एवं श्रमको स्रोत रहनेछ । विश्वमै भारतीयहरू सबैभन्दा विशाल मानव स्रोतको भण्डार रहनेछन्,' उनले आफ्नो शोधमा उल्लेख गरेकी छन् ।

विज्ञहरूले भारतलाई बालविवाह रोक्न, छिटो बिहे गर्ने चलन रोक्न र जन्म तथा मृत्युको उचित दर्ता निश्चित गर्न आवश्यक भएको सुझाव दिएका छन् ।

जनसंख्याको फाइदा उठाउन भारतले आफ्ना युवालाई पर्याप्त रोजगारीका अवसर सृजना गर्नु आवश्यक छ । भारतका लागि यो सबैभन्दा ठुलो चुनौती पनि हो । तर, सेन्टर फर मनिटरिङ इन्डियन इकोनमी (सीएमआईई) का अनुसार, भारतमा काम गर्ने उमेर समूहका ४० प्रतिशत मानिस मात्र अहिले काममा सक्रिय छन् । शिशु जन्माउन र तिनको रेखदेख गर्न दिनुपर्ने समय घट्दै गएका कारण पछिल्लो समय धेरै महिलालाई पनि रोजगारी आवश्यक पर्छ । तर, काम गर्ने उमेर समूहका केवल १० प्रतिशत भारतीय महिलामात्र काममा रहेको सीएमआईईको तथ्यांकले देखाउँछ । अर्कोतिर चीनमा भने त्यो तथ्यांक ६९ प्रतिशतको छ ।

अर्कोतिर, बसाइँसराइँको विषय पनि गम्भीर छ । करिब २० करोड भारतीय देशभित्रै कामका लागि एउटा राज्यबाट अर्को राज्य पुग्ने गर्छन् । आगामी दिनमा त यो संख्या झनै बढ्ने देखिन्छ । धेरैजसो मानिस रोजगारीका लागि गाउँबाट सहर पसेका छन् । 'गाउँमा रोजगारीको अवसर नहुँदा र ज्याला दर पनि न्यून हुने भएकाले सहर पस्ने क्रम बढ्ने छ । यसले हाम्रा सहरहरू पनि विस्तार हुनेछन् । के तिनले त्यस्ता कामदारलाई उचित जीवनस्तर दिन सक्लान् त ? यो सम्भव नभए झुपडीयुक्त बस्ती र रोगको विस्तार हुनेछ,' केरलाको सेन्टर फर डेभलप्मन्ट स्टडिजका विज्ञ एस ईरुदया राजनको बुझाइ छ ।

विज्ञहरूले भारतलाई बालविवाह रोक्न, छिटो बिहे गर्ने चलन रोक्न र जन्म तथा मृत्युको उचित दर्ता निश्चित गर्न आवश्यक भएको सुझाव दिएका छन् । भारतमा लामो समयदेखि जन्मदरमा देखिने असन्तुलित लैङ्गिक अनुपात (छोरीभन्दा छोरा धेरै) चिन्ताको विषय बन्दै आएको छ । राजनीतिक रूपमा पनि भारतमा जनसंख्या नियन्त्रणको विषय मुस्लिम समुदायप्रति बढी लक्षित देखिन्छ । यद्यपि, भारतका विभिन्न धर्मावलम्बी र समुदायबीच बच्चा जन्माउने विषयमा रहेको अन्तर विगतको तुलनामा निकै कम भएको पिउ रिसर्च सेन्टरको एउटा अध्ययनले देखाएको छ ।

यसका अतिरिक्त विज्ञहरूले भारतमा ढल्कँदो उमेरका मानिसको विषयमा पनि चासो देखाएका छन् । जनसंख्याविद्हरू भन्छन् भारतमा ढल्कँदो उमेरका मानिसको विशाल समूहबारे धेरैको ध्यान गएको छैन । सन् १९४७ मा भारतमा उमेरको मध्यमान २१ वर्ष रहेको थियो । केवल ५ प्रतिशत नागरिकमात्र ६० वर्ष कटेका थिए । जबकि अहिले त्यो मध्यमान २८ वर्ष छ । १० प्रतिशतभन्दा धेरै नागरिक ६० वर्ष कटेका छन् । केरला र तामिलनाडुजस्ता दक्षिण भारतीय राज्यहरूमा २० वर्षअगाडि नै प्रतिस्थापन दर हासिल भइसकेको थियो । 'काम गर्ने उमेर समूहका मानिसको संख्या घटेमा ज्येष्ठ नागरिकलाई सहयोग गर्नुपर्ने दायित्वले सरकारी स्रोतमा चर्को दबाब पर्छ,' जनसंख्यासम्बन्धी पुस्तककी लेखिका रुक्मिणी एस भन्छिन् ।

# तापलहरले भारतको विकास जोखिममा

जलवायु परिवर्तनबाट सिर्जित घातक तापलहरले भारतको विकासलाई खतरामा पारेको र गरिबी उन्मूलन, स्वास्थ्य र आर्थिक वृद्धिमा देशको प्रगतिलाई उल्ट्याइरहेको एक नयाँ अध्ययनले दर्साएको छ। तापलहरले यसअघि नै देशलाई गम्भीर रूपमा असर गरेको छ, जसका कारण विद्युत्मा कटौती, धुलो र वायु प्रदूषण बढेको र भारतको उत्तरमा द्रुत हिमनदी पग्लेको क्याम्ब्रिज विश्वविद्यालयका अनुसन्धानकर्ताले बताएका हुन् ।

सन् १९९२ देखि भारतमा तापलहरका कारण २४ हजारभन्दा बढी मानिसको मृत्यु भएको बताइएको छ। जलवायु संकटका कारण तापलहर तीव्र र घातक हुने भएकाले प्रभावहरू अझ खराब हुने अनुमान गरिएको छ।'भारतले हाल धेरै जलवायु खतराहरूको टक्करको सामना गरिरहेको छ' अनुसन्धानकर्ताले भनेका छन्, 'दीर्घकालीन प्रक्षेपणले यो संकेत गर्छ कि भारतको तातो हावाले सन् २०५० सम्म स्वस्थ मानिसको लागि बाँच्ने क्षमताको सीमापार गर्न सक्नेछ। भारतमा लाखौं मानिस पहिले सोचेभन्दा जलवायु परिवर्तनको जोखिममा रहेको अध्ययनले देखाएको छ। देशको ९० प्रतिशतभन्दा बढी क्षेत्र गर्मीको लहरबाट नराम्ररी प्रभावित हुन सक्ने र गर्मी सूचकांकअनुसार अत्यधिक गर्मी 'खतरा' क्षेत्रमा पर्न सक्छ।

तातो सूचकांक जनसंख्यामा तातोको प्रभावको मूल्यांकन गर्न हावाको तापक्रम र आर्द्रता दुवैलाई



कति तातो महसुस हुन्छ भन्ने हो। गत वर्ष भारतले भयानक गर्मीको लहर अनुभव गरेको थियो, जतिवेला देशका भागहरू ४९ डिग्री सेल्सियस (१२० डिग्री फारेनहाइट) भन्दा बढीमा पुगेका थिए।

सन् २०२२ मा भारतले सबैभन्दा तातो अप्रिल र रेकर्डमा सबैभन्दा तातो मार्च अनुभव गरेको अध्ययनले जनाएको छ। सन् २०२२ को जनवरीदेखि अक्टोबरका २७३ दिनमध्ये २४२ दिनमा चरम मौसम अनुभव भएको अनुसन्धानकर्ताले पत्ता लगाका छन्। यस्तो बारम्बार तातो तनावले लाखौंको जीवन र जीविकोपार्जनलाई असर गर्छ।

गत वर्ष भारतले भयानक गर्मीको अनुभव गरेको थियो, जतिवेला देशका विभिन्न भागको तापक्रम ४९ डिग्री सेल्सियसभन्दा बढी पुगेको थियो

सन् २०५० सम्म अत्यधिक गर्मीको कारण दिनको उज्यालो समयमा बाहिरी काम गर्ने क्षमतामा १५ प्रतिशतले कमी आउने अध्ययनले पत्ता लगाएको छ। 'बढ्दो गर्मीले भारतलाई सन् २०५० र सन् २१०० सम्म क्रमशः यसको कुल गार्हस्थ उत्पादन (जिडिपी) को २.८ प्रतिशत र ८.७ प्रतिशत र निराशाजनक जीवनस्तर गुमाउने अपेक्षा गरिएको छ,' अध्ययन पिएलओएस क्लाइमेट जर्नलमा प्रकाशित छ।

अध्ययनअनुसार शताब्दीको मध्यसम्ममा भारतका ७० सहरमा १० लाखभन्दा बढी बासिन्दा हुने अनुमान गरिएको छ। चरम गर्मीले ती मानिसको ऊर्जा सुरक्षा र स्वास्थ्यमा खतरा निम्त्याउने र असमानता तथा गरिबी न्यूनीकरणमा भइरहेका प्रगतिलाई उल्ट्याउने अनुसन्धानकर्ताले चेतावनी दिएका छन्।'कोलकातामा मेरो परिवार हालको तापलहरबाट प्रताडित छ, जसले बारम्बार लोडसेडिङ निम्त्याउँछ,' अध्ययनका लेखक डा. रमित देवनाथले ग्रिडमा तनाव कम गर्ने ऊर्जा कटौतीको सन्दर्भमा भने, 'जलवायु-ऊर्जा सम्बन्ध थप सान्दर्भिक हुँदै गइरहेको छ।' 'सामान्यतया यो सबैभन्दा गरिब र सबैभन्दा कमजोर वर्ग हो, जो सबैभन्दा बढी पीडित हुनेछ। तापलहरको न्यून आय भएका जनसंख्यामा अद्वितीय प्रभाव हुनेछ,' देवनाथले थपे।

उदाहरणका रूपमा लेखकहरूले द्रुत रूपमा सहरीकरण भएको राजधानी नयाँदिल्लीलाई औंल्याएका छन्, जहाँ न्यून आय भएका श्रमिक उच्च तहको निर्माण गतिविधिमा संलग्न छन् र उनीहरू तापलहरको प्रभावबाट गम्भीर जोखिममा छन्।भारत संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य, गरिबी, भोकमरी, असमानता र रोग न्यून गर्ने साथै स्वास्थ्य, शिक्षा र सरसफाइलाई प्रवर्द्धन गर्ने १७ उद्देश्यको सूचीमा प्रतिबद्ध छ। आफ्नो जनसंख्यामा तापलहरको वास्तविक खतरालाई नबुझ्दा भारतले ती लक्ष्य गुमाउने जोखिम बढाउँछ। अध्ययनकी सहलेखिका प्रोफेसर रोनिता बर्धनेले कम आय भएका आवासका लागि गर्मी प्रतिरोधी क्षमता निर्माण गर्न सिफारिस गर्न सकिने बताउँछिन्। 'कम आय भएका र बस्तीमा बासिन्दाहरूका लागि ताप-स्वास्थ्य प्याकेजहरू विशेष रूपमा महत्वपूर्ण छन्, किनकि हामीले गर्मी छालहरूले सहरी दिगोपनमा विनाशकारी प्रभाव देखाउँछौं,' उनले भनिन्। 'अर्को व्यावहारिक अनुप्रयोग उच्च घना क्षेत्रहरू वरपर सहरी हरियाली रणनीति हो, जसले 'सहरी तातो टापुहरूको प्रभावबाट राहत प्रदान गर्न सक्छ' बर्धनेले भनिन।

लेखकहरूले गर्मी सूचकांक र भारतको दिगो विकासमा यसको प्रभाव समावेश गर्न भारतलाई आफ्नो चरम मौसम मूल्यांकन अद्यावधिक गर्न सिफारिस गर्नमा 'अत्यावश्यकता'मा जोड दिएका छन्।शोधकर्ताले गर्मी सूचकांक र भारतको दिगो विकासमा तापलहरको प्रभाव समावेश गर्न भारतलाई आफ्नो चरम मौसम मूल्यांकन अद्यावधिक गर्न सुझाव दिएका छन्। 'भारतले विगत पाँच वर्षमा गर्मीको लहरलाई प्राकृतिक प्रकोप घोषणा गरेर र उपयुक्त राहत स्रोतहरू परिचालन गरी तातो कार्य योजनाहरू मापन गर्नमा उत्कृष्ट नेतृत्व प्रदर्शन गरेको छ,' शोधकर्ताले भनेका छन्।

*(एजेन्सीहरूको सहयोगमा)*

प्रेरक

## वैज्ञानिक र राजनीतिज्ञ



ब्रिटिस प्रधानमन्त्री वेस्टेन चर्चिल डाइनिङ रूममा प्रवेश गरे । उनका साथमा युद्ध विश्लेषकहरू, वैज्ञानिक, सेना प्रमुख र केही कूटनीतिज्ञहरू पनि थिए ।

भारतले खाना तयार गर्‍यो । चर्चिलले आदेश दिए– किचेनका महत्वपूर्ण सामग्रीहरू तुरुन्त हटाऊ । चर्चिलका साथमा रहेका विशिष्ट व्यक्तिहरू सबै छक्क परे । चर्चिलले फेरि भने हामी सबै किचेनबाट चाँडै निस्कौं । सबैजना किचेनबाट निस्के र अलिपरको बैठक कोठामा गएर बसे ।

एकैक्षणमा ड्याङको विस्फोटक आवाज आयो । सबैले झ्यालबाट चियाएर हेरे । पुरै किचेन ध्वस्त भएर धूवाँको मुस्लो आइरहेको थियो । चर्चिलको खानाखाने समय पारेर नाजी सेनाले जहाजबाट बम बर्साएको थियो ।

यो घटना घट्नासाथ एक वैज्ञानिकले सोधे, प्रधानमन्त्रीज्यू, तपाईंले कसरी सूचना पाउनु भयो कि हिटलरले किचेनमाथि बम हमला गर्दैछ ? चर्चिलले जवाफ दिए वैज्ञानिकले लामो प्रयोग अनुसन्धानद्वारा तथ्य जान्दछन् तर राजनीतिज्ञहरू समय परिस्थिति हेरेर तथ्य नजिक छिटो पुग्न सक्छन् ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

दिगो काम प्रारम्भ गर्ने समय छ । धार्मिक, सामाजिक तथा परोपकारी काम गर्दै विशेष जिम्मेवारी हात पार्ने मौका छ । प्रयत्न गर्दा आफ्नो वर्ग वा क्षेत्रको नेतृत्व हातलागी हुनेछ । मेहनत परे पनि भाग्यले राम्रै अवसर दिलाउनेछ । समाजमा तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । आफ्ना कमजोरी सुधार गर्ने समय छ, व्यवसायमा मिहिनेत गर्नुहोला ।

### वृष

परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ला । सामान्य कामका लागि दौडधुप गर्नुपर्नेछ । व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । आफ्ना काममा अरूको भरपर्दा गोपनीयता बाहिरिन सक्छ । स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला । श्रम परे पनि पछि फाइदा हुने काम बन्न सक्छ ।

### मिथुन

घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ । प्रतिकूल परिस्थितिका बीच प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । व्यवसायको सन्दर्भमा यात्रा हुन सक्छ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । अतिथिका रूपमा सत्कार पाइनेछ । आम्दानी बढाउने काम गर्न सकिनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । काममा साथीभाइबाट सहयोग मिल्नेछ ।

### कर्कट

अवसर र चुनौती एकसाथ देखा पर्ने हुँदा होसियारीसाथ काममा जुट्नुपर्ला । योजना गोप्य राखेर अघि बढ्नुहोला । अरूका विषयमा चासो लिंदा झमेला बेहोर्नुपर्ला । प्रतिस्पर्धी बढ्नाले केही चुनौतीहरू देखिनेछन् । काममा बाधा पुर्‍याउनेहरू प्रशस्तै हुनेछन् । आफ्नो उपलब्धि र अधिकारका लागि अलि सजग रहनुपर्ने समय छ ।

### सिंह

लक्ष्यअनुसार काममा जुट्न नसकिए पनि प्रयत्न गर्दा चिताएका काम सम्पादन हुनेछन् । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । सहपाठीहरू पछि पर्नेछन् । मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ । सन्तान वा अनुयायीको साथले उत्साह जगाउनेछ ।

### कन्या

आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ । आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन् । हल्लाको भरमा अरूको विश्वास गर्दा धोका हुन सक्छ । कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त भइनेछ । धेरै फाइदा नहुने काममा समय बित्नेछ । नजिकका आफन्त, साथीभाइ टाढिन सक्छन् । दोहोर्‍याएर प्रयत्न गर्दा रोकिएको काम बनाउन सकिनेछ ।

### तुला

निर्णय लिएर पनि काम नगर्ने बानीले पछि परिनेछ । परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ । सानातिना काममा अलमलिनाले मुख्य काम रोकिन सक्छ । अरूको फाइदाका लागि उपयोग भइएला । तर आलस्य त्यागेर मिहिनेत गर्दा लाभ उठाउन सकिनेछ । पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ । तर सहयोगीको भरपर्दा काम बिग्रन सक्छ ।

### वृश्चिक

द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ । वादविवादले काममा बाधा पुर्‍याउनेछ, सजग रहनुहोला । अरूको वचन हार्न नसक्दा दुःख पाइनेछ । तर मिहिनेत गर्दा आयस्रोत बढ्नेछन् र उठ्नुपर्ने रकम हातलागी हुनेछ । अध्ययनमा समय दिन नसकिए पनि नयाँ ज्ञान सिक्ने समय छ । व्यापारमा आम्दानी बढाउन सकिनेछ । प्रतिस्पर्धामा भने सावधान रहनुहोला ।

### धनु

नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । रचनात्मक काम बन्नुका साथै मनग्य धन आर्जन हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । तर बलजफ्ती गर्ने बानीले साथीभाइ टाढिन सक्छन् । स्वास्थ्यका लागि खानपानमा अलि सजग रहनुहोला । दिगो योजनामा हातहाल्ने समय छ ।

### मकर

समयमा होस नपुग्नाले आफ्नाबाटै टाढिनुपर्ने हुन सक्छ । अवसरका लागि केही दौडधुप गर्नुपर्ला । व्यवसायमा पनि लगानी बढाउनुपर्ला । आकस्मिक खर्च बढे पनि यात्राको प्रक्रिया अघि बढाउन सकिनेछ । फाइदा नगण्य उठे पनि स्वाभिमानको रक्षा गर्न सफल भइनेछ । दिगो आम्दानी हुने काम फेला पार्न सकिनेछ । आस मारेको कामले उत्साह जगाउनेछ ।

### कुम्भ

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । उठ्नुपर्ने रकम हातलागी हुनेछ । कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ । आवश्यक भौतिक साधन जुट्नेछन् । श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्ने समय छ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ ।

### मीन

हडबडीले काममा बाधा पुर्‍याउला । विवादास्पद काममा जुट्नुपर्दा प्रतिफल प्रभावित हुनेछ । आश्वासन बाँड्नेहरूले झुक्याए पनि सहयोगीहरूले साथ दिनेछन् । मिहिनेत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ । प्रतीक्षित नतिजा उत्साहजनक नहुन सक्छ । दैनिकी अलि व्यस्त रहनेछ तर गरी आएको कामलाई भने निरन्तरता दिन सकिनेछ ।

# १७ अर्ब ७४ करोड ८१ लाख कैद सजाय भुक्तानी हुन बाँकी

काठमाडौं । गत आर्थिक वर्षसम्म देशभरका अदालतबाट सजाय सुनाइएकोमा एक लाख वर्षभन्दा बढीको कैद सजाय भुक्तानी हुन बाँकी रहेको देखिएको छ। महालेखापरीक्षकको पछिल्लो प्रतिवेदनअनुसार अभियुक्तहरूले एक लाख सात हजार एक सय ६८ वर्ष ६ महिना २७ दिन कैद भुक्तानी गर्न बाँकी छ।

आर्थिक वर्ष ०७८/७९ सम्मको अवधिमा १७ अर्ब ७४ करोड ८१ लाख रुपैयाँ जरिवाना असुलउपर हुन बाँकी रहेको प्रतिवेदनमा उल्लेख छ। विभिन्न जिल्ला अदालतमा फैसला कार्यान्वयनका लागि निवेदन परेकोमा ५० प्रतिशतभन्दा बढी कार्यान्वयन हुन नसकेको प्रतिवेदनले देखाउँछ। प्रतिवेदनअनुसार २४ हजार एक सय ४६ वटा निवेदन हालसम्म कार्यान्वयन भएका छैनन्।

फैसला कार्यान्वयनकै सन्दर्भमा उच्च अदालत पाटनले राइड सेयरिङ एपका विषयमा दिएको आदेशसमेत कार्यान्वयन नभएको भेटिएको छ। हाल सञ्चालनमा रहेका २५ राइड सेयरिङ कम्पनीमध्ये एउटाको दर्ता यातायात व्यवस्था विभागमा नभएको तथा निजी प्रयोजनका लागि अनुमति पाएका सवारीसाधनले भाडा लिई नियमविपरीत कार्य गरिररहेको र बिलसमेत जारी नगर्ने गरेको आदेशमा छ। कानुन बनाएर यस्ता सेवाको नियमन गर्न २९ माघ ०७६ मै उच्च अदालतबाट आदेश भएकोमा सोको कार्यान्वयनसमेत नभएको भेटिएको छ।

यसैगरी पूर्वविशिष्ट व्यक्तिलाई सुविधा दिने विषयमा कानुन बनाउन ०६८ मै अदालतबाट आदेश भएकोमा सो आदेश पनि पालना नभई जथाभागी सुरक्षाकर्मी खटाउने, व्यक्तिगत काममा लगाउनेजस्ता क्रियाकलाप भइरहेको प्रतिवेदनले औंल्याएको छ। वैदेशिक रोजगारीमा जानेका लागि निःशुल्क भिसा र टिकटको व्यवस्था गर्ने सम्बन्धमा पनि ०७५ मा भएको फैसला कार्यान्वयन भएको छैन। यस्ता थुप्रै आदेश तथा फैसला कार्यान्वयन हुन बाँकी रहेको प्रतिवेदनमा उल्लेख छ।

यसैगरी कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा साढे २४ लाख रुपैयाँ गत आर्थिक वर्षमा बेरुजु भेटिएको छ। महान्यायाधिवक्ताको कार्यालयका साथै मातहतका निकायमा एक करोड ५१ लाख ३९ हजार रुपैयाँ बेरुजु देखिएको छ। तर, प्रतिवेदन बुझाएपछि भने ३१ लाख रुपैयाँ फर्स्योट भएको छ।

# चलचित्र र क्यानभास



काठमाडौं । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानको आयोजनामा आइतबार 'चलचित्र र क्यानभास' विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा विशिष्ट अतिथिको रुपमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति निशा शर्मा, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका उपकुलपति लालकाजी लामा, चलचित्रकर्मी नीर शाह हुनुहुन्थ्यो । कार्यक्रममा अतिथिको रुपमा निर्देशक छिरिङ रितार शेर्पा, चलचित्र निर्देशक समाजका निवर्तमान अध्यक्ष तथा सम्पादक, निर्देशक रक्षा सिंह राणा, कलरिष्ट कपिल पराजुली, कला निर्देशक निर्जल श्रेष्ठ, कलाकार अशोकमान सिंह लगायत उपस्थित हुनुहुन्थ्यो ।

कार्यक्रममा बोल्दै नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव देवेन्द्र कुमार काफ्ले 'थुम्केली'ले चलचित्रलाई साहित्य, कला र संगीतको समुच्च विधाको रुपमा व्याख्या गर्नुभयो । उहाँले भन्नुभयो, 'यो विधामा ललितकलाको पनि उपस्थिती रहेको हुन्छ । तर यसमा त्यति बहस भएको देखिन्न् । त्यसैलाई सम्बोधन गर्न हामीले यस कार्यक्रम गरेका हौं ।' उहाँले आगामी दिनमा चलचित्रमा ललितकलाका विषयलाई पनि समेट्न आग्रह गर्नुभयो ।

नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष केपी पाठकले चलचित्रलाई अलिकति फराकिलो दायरामा लैजाने उद्देश्यले गरेको जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, 'चलचित्र सिरियस जब हो । चलचित्रले सम्पूर्ण विधालाई समेट्न सक्छ । त्यसलाई प्रस्तुत गर्न सक्छ । वास्तु, रंग, कला इत्यादि मार्फत हामी ललितकलासँग जोडिएका हुन्छौं । त्यसलाई बुझेर प्रयोग गर्न सके चलचित्र अझ मजबुत बनाउन सकिन्छ कि ?'

छायाँकार दिपक बज्राचार्यले चलचित्रको एलिमेन्ट्स र चित्रमा प्रयोग गर्ने एलिमेन्ट्स मिल्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'कलर हार्मोनीमा हामीले काम गर्न सकेका छैनौं । कलर हार्मोनीको बारेमा बुझ्न कलर थ्योरीको बारेमा जान्नुपर्ने हुन्छ । कलर, कलर टेम्प्रेचर के हो भनेर चलचित्र मेकरहरूले बुझ्नुपर्छ ।'

चलचित्र निर्देशक रक्षा सिंह राणाले क्यानभासलाई आफूले एउटा भिजन भनेर बुझ्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'आर्टिस्टले क्यानभासमा जे गर्नुहुन्छ । चलचित्रमा गर्ने त्यहि नै हो । माध्यम मात्र फरक हो ।'

कलाकार अशोकमान सिंहले रंग आफैमा संवेदनशील हुने बताउनुभयो । उहाँले हरेक रंगले जीवनमा प्रभाव पारिरहेको धारणा राख्नुभयो । चलचित्रमा प्रयोग गर्ने रंग र कलामा प्रयोग गर्ने रंग फरक हुने उहाँको धारणा थियो ।

रंग संयोजक कपिल पराजुलीले इलेक्ट्रीकल्ली जेनेरेटेड कलर र प्राकृतिक कलर मिलाउन खोज्दा गाह्रो हुने गरेको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, 'चित्रकलालाई नांगो आँखाले हेर्न सक्छौं तर चलचित्र त्यस्तो होइन् । चित्रकलामा बेस्ट गर्न सक्छौं । चलचित्रमा कम्प्रोमाइज हुन्छ ।'

कला निर्देशक निर्जल श्रेष्ठले क्यानभासै क्यानभासको संयोजन नै चलचित्र भएको बताउनुभयो । उहाँले भन्नुभयो,' क्यानभास चल्दैन्, चलचित्र चल्छ । क्यानभासले मुलुकको वैभवता, सभ्याता र संस्कृति देखाउँछ ।'

निर्देशक छिरिङ रितार शेर्पाले चलचित्रमा लिबर्टी धेरै हुने र क्यानभासमा लिमिटेसन हुने धारणा राख्नुभयो ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति निशा शर्माले चलचित्र पनि ललितकलाको विधामा पर्ने बताउनुभयो । उहँले भन्नुभयो, 'एउटा कलाले जिन्दगी बताउन सक्छ । हेर्ने नजर चाहिन्छ ।' प्रतिष्ठानले राम्रो विषयको उठान गरेको भन्दै उहाँले आगामी दिनमा पनि यस्ता विषयमा छलफल गर्न जरुरी भएको धारणा राख्नुभयो ।

चलचित्रकर्मी नीर शाहले क्यानभास आफैमा अनेकथरी अर्थ बोकेको बस्तु भएको बताउनुभयो । उहाँले भन्नुभयो, ' त्यसको प्रारम्भिक स्वरुप सेतो हुन्छ । त्यहाँ जसले जे गर्दा पनि हुन्छ । जुन पेन्टिङलाई तपाइहरू अमूर्त भन्नुहुन्छ त्यसको पराकाष्टा नै क्यानभास हो । क्यानभासमा रंग हुँदैन तर क्यानभासमा रंग हुन्छ । रंगविहिन हुनु पनि एउटा रंग हो ।' प्रत्येक रंगको एक किसिमको प्रतीकात्मक बुझाइ हुने भन्दै उहाँले चलचित्रकर्मीले रंगलाई कोरा रंगकै रुपमा मात्र बुझ्न नहुने धारणा राख्नुभयो । सिनेमा र रंगबीच प्रगाढ सम्बन्ध रहेको उहाँको भनाइ छ । 'प्रत्येक चित्रकारले कोरेका चित्रहरू सल्बलाउन थाले भने अथवा बोल्न थाले भने त्यो चलचित्र बन्छ', उहाँले थप्नुभयो ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली कार्यक्रममा पावर प्वाइन्ट प्रिजेन्टेसन मार्फत 'चित्रकलामा चलचित्र र चलचित्रमा चित्रकला' विषयमा आफ्नो धारणा राख्नुभयो । उहाँले यस कार्यक्रमपछि आफू पुन जागृत भएर चित्र रचना गर्नेतर्फ अग्रसर हुने बताउनुभयो । उपकुपलति लालकाजी लामाले चलचित्र र क्यानभास अर्थात् ललितकला दुवै अभिव्यक्तिको माध्यम भएको बताउनुभयो । उहाँले भन्नुभयो, 'चित्र सार हो, चलचित्र विस्तार हो । तर सारभित्र पनि विस्तार हुन्छ ।'

कार्यक्रमको खुल्ला सत्रमा प्राज्ञसभा सदस्य सुन्दर सिंख्वाल र संगी श्रेष्ठले पनि चलचित्र र ललितकलाको विषयमा आफ्नो धारणा राख्नुभएको थियो । जसमा सुन्दर सिंख्वालले प्रविधि नै नभएको बेला पूर्खाहरूले बनाएका पौभा लगायतका कलाकृति पनि चलचित्र नै भएको बताउनुभयो । संगी श्रेष्ठले चित्रकला र चलचित्र दुवै कला नै भएको बताउनुभयो ।

नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष केपी पाठकले कार्यक्रम समापन गर्दै आगामी दिनमा पनि यस विषयमा बहस गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'तपाईहरू क्यानभासमा रंग भर्नुहुन्छ । हामी दृश्यलाई पर्दामा देखाउँछौं ।' कार्यक्रमको सञ्चालन भने यादव कुमार भट्टराईले गर्नुभएको थियो ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Conundrum = कठिन कार्य वा समस्या She invented conundrum to entertain her child during the long drive लामो दूरीको हकाइमा आफ्नो बच्चाले मनोरञ्जन गरोस् भनेर आफ्नो बच्चालाई उनले छिट्टै मिलाउन नसक्ने कठिन कार्य दिइन् ।

Disjointed = सिलसिला नमिलेको His lecture was so disjointed that no one understood it उसको लेक्चर यस्तो सिलसिला नमिलेको थियो कि कसैले त्यो बुझ्न सकेनन् ।

Exude = निकाल्नु Some trees exude sap during certain season केही रुखहरूले आफ्नो शरीरबाट निश्चित ऋतुमा झोल पदार्थ बाहिर निकाल्छन ।

Fructify = फल दिनु The tree fructify within three years यो रुखले तीन वर्षमा नै फल दिन्छ ।

Guile = ठगी, अरुको नक्कल गरी चोर्नु, धुर्त He has made big property only by guile ठगीबाटै उसले ठूलो सम्पत्ति आर्जन गरेको छ ।

Hirsute = बाक्लो रौं भएको He is a hirsute man so that he has heavy black beard ऊ बाक्लो रौं भएको मानिस हुँदा उसको दाह्री पनि बाक्लै छ ।

Inert = चल्ने क्षमता नभएको, अक्रियाशील Laying in bed enert is his habit केही नगरी ओछ्यानमै पल्टिरहनु उसको बानी हो ।

Lull = शान्त अवस्था They are waiting for a lull in the rain झरी पुरै रोकिएर शान्त नहोउञ्जेल उनीहरू पर्खि नै रहे ।

Muster = जम्मा गर्नु As the situation of insecurity escalated, the commander mustered the force at the frontier जब असुरक्षाको अवस्था बढ्दै गयो कमाण्डरले पुरै सैनिक बललाई सीमामा (जम्मा तैनाथ) गर्‍यो ।

Nomadic = घुमन्ते There are many nomadic tribes in India भारतमा घुमन्ते जातिहरूको समूह थुप्रै छ ।

## Cut बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Cut through = चिर्नु To cut through hard timber one needs a powerful saw कडा काठ चिर्नको लागि बलियो करौंतीको आवश्यकता पर्छ ।

Cut oneself = घाउ बनाउनु He cuts himself always when he shaves दाह्री काट्दा उसले जहिले पनि घाउ बनाउँछ ।

Cut somebody's something on = कसैको केही चिज काट्नु She cut her finger on a piece of broken glass फुटेको सिसाको एक टुक्राले उनको औंला काट्यो ।

Cut somebody's throat = काटेर मार्नु He found in forest cut his throat जंगलमा काटेर मारेको अवस्थामा उ भेटियो ।

Cut something to = मिलाएर काट्नु We cut these flower to decorate the podium मंच सिंगार्न भनी हामीले यी फूलहरू मिलाएर काटेका हौं ।

Cut something for somebody = कसैको लागि केही चिज काटिदिनु Please cut a piece of cake also for me मेरा लागि पनि एक टुक्रा केक काटिदेउन ।

Cut into = बराबरी पारेर काट्नु Cut this apple into two halves यो स्याउलाई दुई बराबरीको टुक्रा पार ।

Cut something to = गर्दै काट्नु The minister cut the tape to inaugurate the new building मन्त्रीले रिबन काट्दै नयाँ भवनको उद्घाटन गर्‍यो ।

Cut something in = प्वाल पार्नु He cut several holes in a piece of paper एक टुक्रा कागजमा उसले थुप्रै प्वाल पार्‍यो ।

Cut somebody's something = कसैको केही काट्नु He has gone out to cut his hair ऊ कपाल काट्न बाहिर निस्केको छ ।

### सुडोकु–अंक ३०१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ८ | | | ४ | ७ | | |
| | | २ | ९ | | | ५ | | |
| ५ | १ | | ७ | | | | ४ | ९ |
| १ | | | | | | ९ | ६ | |
| | | | | २ | | | | |
| | ६ | ५ | | | | | | ४ |
| २ | ३ | | | | ७ | | ५ | १ |
| | | ९ | | | ५ | ४ | | |
| | | १ | ४ | | | ६ | | |

### अंक ३०० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ४ | ६ | ५ | ७ | २ | १ | ८ | ९ |
| ७ | ९ | २ | ८ | ६ | १ | ५ | ३ | ४ |
| ८ | १ | ५ | ३ | ९ | ४ | ७ | २ | ६ |
| ५ | २ | ७ | ९ | ४ | ६ | ८ | १ | ३ |
| ९ | ६ | ८ | १ | २ | ३ | ४ | ७ | ५ |
| ४ | ३ | १ | ७ | ८ | ५ | ६ | ९ | २ |
| १ | ७ | ४ | २ | ५ | ९ | ३ | ६ | ८ |
| २ | ५ | ३ | ६ | १ | ८ | ९ | ४ | ७ |
| ६ | ८ | ९ | ४ | ३ | ७ | २ | ५ | १ |

# Demand for Independence



Demand for independence is the demand of a social being to live and develop as master of the world and one's own destiny free from all fetters and subordinations.

Since man lives and conducts activities in the world, independence is expressed in detail in the fact that man demands independence to live as master of nature, society and oneself and wages struggle for its realization.

Man's demand for independence to live as master of nature is expressed in getting rid of all fetters and subordinations of nature to transform them into conditions favourable for his existence and development, the abundant material source of living. Demand for independence to live as master of society is expressed in getting rid of all social fetters and becoming an equal master of the state and society, thus living and developing while exercising fully the dignity and rights of a social being. Demand for independence to live as master of oneself is expressed in getting rid of fetters of old, reactionary idea and culture to live and develop as a being more powerful in mental and physical way.

Content and level of demand for independence differs according to stages of specific historical development. However, demand for independence is made inevitably and permanently with existence of man, and keeps developing into a higher stage not remaining on one stage.

Man's independence is expressed in raising demand for independence and struggling for realizing it. As demand for independence is realized fully, man can further strengthen his position as master of the world and himself.

Today, we celebrate the May Day – the international holiday of the working people around the globe.

Ever since 1890 when we started to commemorate the May Day, the working masses in every part of the world have made strenuous efforts to eradicate all sorts of exploitation and pressure and to enhance their social status. However, they have yet to realize their desire to fully enjoy the right to existence, democratic freedom, and independent life.

But the situation in our country is different. Thanks to respected Comrade Kim Jong Un and his great policy of loving the people, all working people are taking active part in social and political activities as masters of the state and society, enjoying the right to labour to their hearts' content, as well as being preferentially ensured every conditions for living.

Through the story of love received by the ordinary workers at the Pyongyang Kim Jong Suk Textile Mill, we can know what a dignified life the working people of the DPRK are leading.

Mun Kang Sun, who was a weaver at the Pyongyang Kim Jong Suk Textile Mill, accomplished the annual plans ahead of schedule every year and also completed 2-year and 3-year tasks early. She has now become a labour innovator, Labour Heroine and deputy to the Supreme People's Assembly known throughout the country.

When Changjon Street was built in the centre of the capital city, respected Comrade Kim Jong Un saw to it that a new fine apartment is allocated for her before anyone else though she just got married at that time. He also visited her new house and blessed the future of the newly married couple.

He visited the house even before their parents, presenting them with many gifts including household goods necessary for them. They enjoyed the day with respected Comrade Kim Jong Un who meticulously took care of their newlywed life. It was indeed an atmosphere of a sweet family with father and mother.

Not just the Mun Kang Sun couple, but all the workers of the Textile Mill received the blessings of love of respected Comrade Kim Jong Un.

One day in October 2013, respected Comrade Kim Jong Un visited the Pyongyang Kim Jong Suk Textile Mill. Before hearing about the production, he first acquainted himself with the living conditions of the factory workers including their housing and hostel to the last detail.

He then said that he would personally take responsibility for building a wonderful hostel, and dispatched a powerful construction team of the KPA and solved all problems arising in the construction.

Respected Comrade Kim Jong Un visited the workers' hostel which was built within just a six-month-period and said with affection that this hostel is not a workers' hostel but a "workers' hotel" and "workers' palace". He also saw to it that a grand banquet for workers was held in this hostel in celebration of the May Day.

Under the exceptional attention of the Party and government, a workers' banquet, unparalleled in the world, was held in the "workers' palace" on the meaningful May Day and ordinary weavers received congratulations from all people. This dreamlike story clearly proves the high position of our workers under the socialist system of our country which regards the popular masses as the masters.

Every year in many countries, on the occasion of the May Day, people continuously stage public protests calling for an end to the society which only serves for the rich, 1% of the population and for the creation of the society which serves for the working masses, 99% of the population. However, our people significantly commemorate this day with an exceptional pride of being a socialist worker who do not spare their efforts for the prosperity and development of the state and society.

# Lake Chon on Mt Paektuin Spring

On the top of Mt Paektu (2 750 metres above sea level), an ancestral mountain of the Korean people, is a mysterious natural lake.


LakeChon was formed with water gathered in the crater after the eruption of volcano. Covering an area of 9.16 square kilometres, the lake is 384 metres at its deepest, 14.4 kilometres in circumstance, 4.6 kilometres long and 2 kilometres wide. The water surface is 2 190.15 metres above sea level.

In springpeople can enjoy scenerypeculiar to the alpine area.

The mountain area is a place where President Kim Il Sung (1912-1994), founder of socialist Korea, organized and waged an anti-Japanese armed struggle, and the mountain is called the sacred mountain of the revolution in Korea.



Mt Paektu covered by snow even in the spring month of May




Spring in the air by LakeChon on Mt Paektu







Rhododendron in bloom in snow by LakeChon on Mt Paektu



Lake Chon thick with spring air

## विश्व...

र उनका सहयोगी प्रेमराज पन्थीलाई अख्तियारमा बोलाएर छलफल गरे । ३४ जनाबाट जनही १० लाख रूपैयाँका दरले ३ करोड ४० लाख उठाइएको उजुरी आएपछि अख्तियार प्रमुख राईले लेनदेनको व्यवहार अख्तियारले हेर्न नमिल्ने भन्दै केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) वा उपत्यका अपराध अनुसन्धानमा जान सल्लाह दिए । पीडित रामशरण प्रहरीमा पुगेपछि ठगी धन्दा बाहिरियो र गिरोहका नाइकेहरू केशव दुलाल, सानु भण्डारीलगायत हालसम्म १० जना पक्राउ परिसकेका छन् । सचिव टेकनारायण पाण्डे, इन्द्रजित राई, सन्दिप रायमाझी, सन्देश शर्मा, टंक गुरुङ, सागर राई, गोविन्द चौधरी, रामशरण केसीलाई पक्राउ गरी प्रहरीले हिरासतमा लिएको छ । तत्कालीन गृहमन्त्री रामबहादुर थापालाई भने अझै पक्राउ गरिएको छैन । पूर्व उपप्रधानमन्त्री समेत रहेका एमाले सचिव एवं सांसद टोपबहादुर रायमाझी फरार छन् । इन्द्रजितका छोरा निरज मुलुक बाहिर भागेको प्रहरीको आशंका छ । पक्राउ पुर्जी भएका नौ जना अझै फरार रहेको प्रहरी स्रोतको भनाइ छ ।

नक्कली भूटानी शरणार्थी प्रकरणमा पूर्वमन्त्री बालकृष्ण खाँडसमेत प्रहरीको अनुसन्धानमा तानिएका छन् । उनकी पत्नी मन्जु खाँडले ६ करोड र आरजु राणाले अढाई करोड रूपैयाँ बुझेको अडियो रेकर्ड सार्वजनिक भएको छ । यी दुवैजना नेपाली कांग्रेसको समानुपातिक सूचीबाट सांसद बनेका हुन् । अडियो वैज्ञानिक परीक्षण भइरहेको प्रहरीको भनाइ छ । गिरोहका व्यक्तिहरूले आरजु र मन्जुको समेत बयानका क्रममा नाम लिएपछि नेपाली कांग्रेसभित्र सनसनी मच्चिएको छ । पार्टी सभापति देउवा पत्नी आरजुलाई जोगाउन लित्ती कसेर लागेका छन् । प्रहरी प्रशासनदेखि राजनीतिक तहसम्म फोन गरेर चासो व्यक्ति गरिरहेका छन् । देशको पाँच पटक प्रधानमन्त्री भइसकेका देउवा नक्कली भूटानी शरणार्थी काण्डमा पत्नी आरजु मुछिएपछि बेचैन देखिएका छन् ।

आरजु र मन्जुले घूस लिएको अडियो रेकर्ड यदि डुब्लिकेट नभए उनीहरूलाई पनि प्रहरीले नियन्त्रणमा लिनुपर्ने हुन्छ । तर शीर्ष नेताहरू अपराधीलाई बचाउन दौडधूप गर्न थालेकाले यो काण्ड विगतका अन्य भ्रष्टाचार काण्डजस्तै सेलाउने आशंका बढ्न थालेको छ । एमालेले हाल फरार रहेका रायमाझीलाई निलम्बन गरेको छ । उनी निलम्बनमा परेपछि प्रहरीलाई अनुसन्धान गर्न थप बाटो खुलेको छ । रायमाझीले आफू बिरामी भएको पत्र सभामुखलाई पठाएका छन् । उनलाई प्रहरीले धुइँपताल खोजिगरिरहेको छ ।

२०४८ सालतिर १ लाख १८ हजार बढी नेपाली भाषी भूटानीहरूलाई भूटानको शाही सरकारले देशबाट खेदाएको थियो । उनीहरूलाई भारत सरकारले भारतमा छिर्न दियो बस्न दिएन । ती शरणार्थीहरूलाई तत्कालीन गिरिजा नेतृत्वको सरकारले झापा र मोरङमा शिविर राखेर शरण दियो । भूटानी शरणार्थीहरूलाई भूटान फर्काउन नेपालले भूटानसँग १८ पटक वार्ता गरे पनि सफलता मिलेन । भारतसँग वार्ता गर्न खोज्दा दुई देशको मामिला भन्दै भारत तर्कियो । युएनएचसीआर गुहारेर नेपाल सरकारले शरणार्थीको दर्जा दिएका भूटानीहरूलाई पश्चिमा राष्ट्रहरूसँग पुनर्स्थापना गर्न नेपालले पहल गऱ्यो । ९० प्रतिशतभन्दा बढी भूटानी शरणार्थीहरूलाई अमेरिका, बेलायत, क्यानडा, अष्ट्रेलिया, डेनमार्क, नेदरल्यान्ड, न्युजिल्यान्ड लगायतका मुलुकमा लगियो । बाँकी रहेका ७ हजार जति भूटानी शरणार्थी तेस्रो मुलुक होइन आफ्नै देश फर्किने अडानमा शिविरमै रहेका थिए । गिरिजापुत्री सुजाताका पिए रहिसकेका केशव दुलालको अगुवाईमा नक्कली भूटानी शरणार्थी बनाएर नेपाली नागरिकहरूलाई अमेरिका पठाउने भन्दै ठगी धन्दाको सुरुवात भयो जुन अहिले सतहमा देखिएको छ ।

पन्थी कार्यदलको प्रतिवेदनको फोटोकपी लिएर गिरोहले त्यसमा अनुसूची थपेर आठ सय ३५ जनाको नाम समावेश गरी जनही १० देखि ५० लाख रूपैयाँसम्म उठाएर नक्कली शरणार्थी परिचयपत्र बनाइदिएर अमेरिका पठाउने प्रलोभनमा अरब रूपैयाँ असुलेका थिए । त्यो कार्य किर्ते थियो र संगठित ठगी थियो । त्यसका बारेमा सत्तामा रहेकाहरू अनजान थिएनन । ओली सरकार ढलेर देउवा सरकार बनेपछि पनि यो धन्दाले निरन्तरता पाउनुमा पैसाले काम गरेको प्रस्ट छ ।

भ्रष्टाचार विरुद्ध काम गर्ने अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार अवधारणा सूचकांक २०२२ अनुसार नेपाल नेपाल ३४ अंकका साथ ११० औं देशमा हुनुले पनि मुलुकमा भ्रष्टाचार कति भयावह छ भन्ने उजागर हुन्छ । डेनमार्क ९० अंकका साथ पहिलो स्थानमा भएको प्रतिवेदनमा भारत र चीन क्रमशः ४० अंकका साथ ८५ र ४५ अंकका साथ ६५ औं स्थानमा छन् । यसको मतलब नेपालमा हाम्रा छिमेकी मुलुकहरू भारत र चीनकै तुलनामा निकै भ्रष्टाचार हुने गरेको छ । नक्कली भूटानी शरणार्थी प्रकरण भ्रष्टाचार मात्र नभएर राज्य विरुद्धको अपराध समेत हो । राजनीतिमा अपराधीकरण र अपराधीकरणमा राजनीति शिखरमा पुगेको यो घटनाले देखाएँछ । संगठित यस्तो अपराधले राजनीतलाई नै विद्रुप बनाएको छ । यस घटनाले विश्वस्तरमा नेपालको बदनाम भएको छ । मुलुकमा भ्रष्टाचारका थुप्रै शृङ्खलाहरू त्यत्तिकै सेलाएका छन् । बालुवाटार जग्गा काण्डमा माधव नेपाल, बाबुराम भट्टराईलाई सुनपानी छर्कियो । ईश्वर पोखरेल, गोकुल बाँस्कोटा, भानुभक्त ढकाल लगायतका व्यक्ति भ्रष्टाचारी भनेर चिनिए पनि कारबाही गरिएन ।

राजनीतिमा सफल हुन आर्थिक सम्पन्नता हुनैपर्ने र आर्थिक सम्पन्नताका निम्ति शीर्षस्थ नेतालाई रिझाउनैपर्ने, पार्टीको कोष बढाउन योगदान गर्नैपर्ने, पार्टीले भोट खरिद गरेरै भए पनि विजयी बन्नैपर्ने तथा शीर्षस्थ नेताकै आड र संरक्षणमा अपराधलाई संगठित रूपले विस्तार गर्ने अनुरूप नै नक्कली शरणार्थी प्रकरण भएको घटनाको पृष्ठभूमिले बताउँछ । यो प्रवृत्तिले स्वच्छ र पारदर्शी इमानदार नेता नेपाली राजनीतिमा नभएको भन्न गाह्रो मान्नु पर्दैन । सिद्धान्तको राजनीति विस्थापित भइसकेको संकेत समेत नक्कली शरणार्थी प्रकरणले स्पष्ट पारेको छ ।

## धान्नै...

चैतसम्ममा चालु आर्थिक वर्षकै सबभन्दा धेरै रेमिटेन्स भित्रिएको छ । चैतमा मात्र एक खर्ब नौ अर्ब रूपैयाँ रेमिटेन्स भित्रिएको सोही प्रतिवेदनेमा उल्लेख छ । साउनदेखि चैतसम्ममा कुल नौ खर्ब तीन अर्ब रूपैयाँ रेमिटेन्स भित्रिएको छ । यो अवधिमा ६ लाख ५ हजार नेपाली वैदेशिक रोजगारीका लागि बाहिरिएका छन् । गत आर्थिक वर्षको यही अवधिको तुलनामा यो ३१ प्रतिशतले धेरै हो ।

विदेशमा काम गर्ने नेपालीले पठाउने रेमिटेन्स बढेको कारण शोधनान्तर पनि उल्लेख्य बचतमा गएको छ । तर, आयात भने बढेको छ । देशबाट बाहिरिने र भित्रिने रकमको अन्तर शोधनान्तर हो । शोधनान्तर बचतमा हुँदा बाह्य क्षेत्र मजबुत बन्छ । मासिक आयात पछिल्लो नौ महिनाकै उच्च छ । चैतमा मात्रै एक खर्ब ४३ अर्ब रूपैयाँ बराबरको वस्तु आयात भएको हो । चालु आर्थिक वर्षमा औसत एक खर्ब ३३ अर्ब रूपैयाँको मासिक आयात हुने गरेको छ । केन्द्रीय बैंकको अनुसार चैतसम्म १२ खर्बको वस्तु आयात भएको छ । गत आर्थिक वर्षको अन्त्यसम्म १९ खर्ब २० अर्बको आयात भएको थियो । अघिल्लो बर्षको चैतको तुलनामा ३२ प्रतिशत आयात बढेको राष्ट्र बैंकले जनाएको छ । यो अवधिमा चालु खाता घाटा बढेको छ । भदौमा ३७ अर्ब १८ करोड पुगेको घाटा चैतमा ५१ अर्ब ८२ करोड पुगेको छ ।

राष्ट्र बैंकले चैतसम्मको आर्थिक तथ्यांक सार्वजनिक गर्दै शोधनान्तर एक खर्ब ८० अर्ब १७ करोड रूपैयाँ बचतमा पुगेको जनाएको हो। भदौसम्म शोधनान्तर २३ अर्ब ६८ करोड रूपैयाँ घाटामा थियो। र पोहोर चैतमा पनि शोधनान्तर २ खर्ब ६८ अर्ब रूपैयाँ घाटामा थियो । वैदेशिक रोजगारीमा जानेको संख्यामा वृद्धि भएसँगै रेमिटयान्स पठाउने दरमा पनि वृद्धि भइरहेको केन्द्रीय बैंकले जनाएको छ । गत आर्थिक वर्ष २०७८/७९ मा रेमिट्यान्स भित्रिने दर घटेको थियो भने आयात बढेको कारण विदेशी मुद्रा सञ्चितिमा दबाब परेको थियो ।

२०७८ चैतदेखि २०७९ पुससम्म विभिन्न वस्तुको आयातमा लगाइएको प्रतिबन्ध, आयातको क्रममा राख्नुपर्ने अनिवार्य नगद मौज्दात लगायत व्यवस्थाले विदेशी मुद्रा सञ्चितिमा सुधार आएको अनुमान गरिएको थियो । अहिले विदेशी मुद्राको सञ्चिति १४ खर्ब ३३ अर्ब रूपैयाँ पुगेको छ । उक्त सञ्चितिले ९ महिना १२ दिनको आयात धान्न सक्ने पनि सोही प्रतिवेदनले भनेको छ ।

पछिल्लो समय रेमिटेन्ससँगै अन्य विदेशी मुद्राको आम्दानीमा पनि सुधार भैरहेको छ । यो अवधिमा नेपाल भित्रिने पर्यटकबाट हुने आम्दानीमा ९४ प्रतिशतले वृद्धि भएको छ । यस्तो आम्दानी ४४ अर्ब १६ करोड रूपैयाँ पुगेको छ। बैंक तथा वित्तीय संख्या लगायतले यो नौ महिनामा अवधिमा ३७ अर्ब १९ करोड रूपैयाँ ऋण ल्याएका छन्। यसमा अघिल्लो वर्षको यही अवधिको तुलनामा ११० प्रतिशतले वृद्धि देखिएको छ ।

## ४६ वर्ष...

प्राप्त गर्न सकेका थिएनन् । २०५४ सालका जनप्रतिनिधिले उनीहरूलाई पुर्जा उपलब्ध गराउने प्रयास गरे पनि सम्भव नभएको नगरप्रमुख आशोककुमार ब्यान्जु श्रेष्ठले बताए । २०६७ सालमा डिजिटल नापी कार्यालयमार्फत पुनःनापी गरिए पनि सिमाङ्कन विवाद, भुकम्प, कोरोनालगायतका कारण देखाउँदै प्रक्रिया अघि नबढाइएको बताइन्छ । उनले पुर्जा तयार भएका जग्गा धनीलाई सोबारदेखि पुर्जा वितरण गरेका छन् । 'प्रक्रिया पुऱ्याइ पुर्जा तयार भएर आएकालाई क्रमैसँग वितरण गर्दै गइनेछ", उनले भने । नगर कार्यालयले यसअघि धुलिखेल नगरको वडा नं ८ र ९ मा पर्ने श्रीखण्डपुरमा ८ न वडाका नागरिकलाई पुर्जा वितरण गरिसकिएको छ । यो प्रक्रियालाई निरन्तर अघि बढाइनेसमेत नगरपालिकाले जनाएको छ ।

## कसरी...

थियो । उत्खननका लागि श्रमिकहरूको व्यवस्था गर्ने जिम्मा खड्गशमशेरकै थियो । तोकिएको दिनमा हात्तीमा चढेर डा.फ्युहरर आइपुगे । तर त्यतिन्जेल खड्गशमशेरको टोलीले धमाधम उत्खनन् गरिरहेको थियो । उत्खनन्बाट सायद गाडधन निस्कन सक्ने आशा हुँदो हो । तर भेटियो अशोक स्तम्भ पो । त्यो त्यही स्तम्भ थियो ७ औं शताब्दीमा घुम्न निस्केका चिनियाँ यात्री हुयन साङले आफ्नो यात्रा वृत्तान्तमा बयान गरेका थिए । स्तम्भ ३० फुट साढे १० इन्च लामो र १३ फुट ८ इन्च जमिनमा गाडिएको छ । यो स्तम्भ मौर्य सम्राट अशोकले २३ सय वर्षअघि स्थापना गरेका थिए ।

उत्खननमा भेटिएको स्तम्भको सबभन्दा महत्वपूर्ण पक्ष भनेको ढुंगामा अंकित अभिलेख हो । पाली भाषा र ब्राम्ही लिपिमा लेखिएको त्यस अभिलेख नै बुद्ध जन्मस्थलबारे बताउने अहिलेसम्मको सबभन्दा प्रमाणितक तथ्य हो । त्यसमा पाली भाषा (अर्ध मागध) मा भनिएको छ-

*देवान पियेन पियदसिन लाजिन विसतिवसभिसितेन*
*अतन अगाध महियिने हिद्बुधेजाते सक्यमुनिति*
*सिलविगडमिचा कलापित सिलाथमेच उसमापिते*
*हिदभगवजातेति लुमिनीगामे ङवालकेकटे अठभागियेच*

अर्थात् देवताहरूका प्रिय प्रियदर्शी (अशोक) राजा राज्यकालको बीसौं वर्षमा आफैं आए । यहाँ शाक्यमुनि बुद्धको जन्म भएकाले (बुद्धजन्म) संकेतक शिलामा पूजा गरी यो शिलास्तम्भ स्थापना गरे । यहाँ भगवानको जन्म भएकाले लुम्बिनी गाउँको कर घटाइ आठौं भार मात्र कायम गरे । मौर्यवंशी राजा अशोकले आफ्नो साम्राज्यभित्र यस प्रकारका अनेक ढुंगे खाँबोहरू गाडेका थिए । त्यसमध्ये माथिको विवरणसहितको अभिलेख भएको खाँबो राणा प्रधानमन्त्री वीरशमशेरका पालामा नेपाली भूक्षेत्रभित्र उत्खननमा भेटियो । यो बौद्ध इतिहासका लागि ठूलो समाचार थियो । किनकि यही खाँबोले पहिलोपटक बुद्ध जन्मस्थल पहिल्याएको थियो । भनिन्छ- उत्खननपछि खड्गशमशेर पश्चिम क्षेत्रतिर सिकार यात्रामा निस्किए तर डा.फ्युहररलाई भने नयाँ खबर संसारलाई सुनाउनु थियो ।

उनले त्यही वर्ष डिसेम्बर २० मा इलाहावादबाट प्रकाशित हुने 'पायोनिर' पत्रिकामा टेलिग्राम पठाए । २३ डिसेम्बरमा पायोनिर पत्रिकाले एक्सक्लुसिभ समाचार छाप्यो- डा. फ्युहररले फेला परे बुद्धको जन्मथलो । त्यस्तै मूल आशय भएका खबरहरू त्यतिबेला अरु थुप्रै पत्रिकाले पनि लेखे । लुम्बिनीमा भेटिएको रिपोर्टिङ लन्डनबाट प्रकाशित हुने विश्वप्रसिद्ध 'द टाइम्स' पत्रिकाले २८ डिसेम्बरमा छापेको इतिहासकार एलेनले (पृ.१४१) उल्लेख गरेका छन् । लुम्बिनी पत्तो लागेपछि नेपालको एउटा सांस्कृतिक विश्वका रूपमा धेरै लेखकले बुद्धलाई लिन थाले । तर भानुभक्त र मोतीरामकालीन नेपाली साहित्यमा चर्चा छैन । सन् १८९६ पछि भने विश्वको ध्यान लुम्बिनीतिर आकर्षित हुन थाल्यो । नेपालले पनि बुद्धलाई 'नेपाली' बनाउन सक्दो कोसिस जारी राख्यो । सरकारको तहबाट 'नेपाली विभूति' बनाइयो भने साहित्यकारहरूले लेख्न थाले- बुद्धले यहीँ पाएथे ज्ञानको पहिलो मुहान ।

लुम्बिनीमा अशोक स्तम्भ फेला परेपछि बुद्धजन्मस्थलको संशय सदाका निम्ति अन्त्य भयो । उक्त समयभन्दा अगाडिका मानवबस्तीको प्रमाणसमेत प्राप्त भए । वर्तमानमा लुम्बिनी मात्रै होइन, यस वरिपरिका शाक्यमुनि र शाक्यमुनिपूर्वका बुद्धहरूसँग सम्बन्धित ऐतिहासिक प्रमाण उजागर हुँदै गइरहेका छन् । लुम्बिनीबाट २५ किमि पश्चिममा प्राचीन कपिलवस्तु र राजा शुद्धोदनको तिलौराकोट दरबार फेला पारिसकेको छ । तिरौलाकोट दरबारबाट ३ किमि पूर्वमा कनकमुनि बुद्ध र ९ किमि दक्षिण पश्चिमको गोटीहवामा क्रकुच्छन्द बुद्धको जन्मस्थल फेला परेको छ । सम्राट अशोकले स्थापना गरेको शिलास्तम्भका आधारमा ती स्थान उक्त बुद्धको जन्मस्थल भएको तथ्य प्रमाणित भइसकेको छ ।

बुद्धले ज्ञान प्राप्त गरेको स्थान बोधगया, ज्ञान बाँडेको स्थान बनारस एवं उनले महापरिनिर्माण प्राप्त गरेको स्थान कुशिनगर हाल भारतमा पर्छन् । बुद्ध जन्मस्थलबाहेक बुद्धसँग सम्बन्धित तीनवटै स्थान भारतमा परेको हुनाले भारतलाई नै बुद्धज्ञानको भूमि भनेर प्रचार गर्ने गरिएको छ । यहाँसम्म कि बुद्ध भारतमा जन्मिएको समेत भारतीयहरूले दाबी गर्ने गर्छन् । विहारमा नक्कली लुम्बिनी समेत बनाइएको छ तर यसपटक भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जेठ २ गते बुद्ध जन्मेको स्थल लुम्बिनी दर्शनका लागि आउँदैछन् । यसपछि भने बुद्ध नेपालमा जन्मिएका हुन् भन्ने प्रमाणिक आधारलाई भारतले नकार्न सक्ने छैन ।

## विशाल...

कार्की ८) विष्णुजंग पाण्डे ९) राजु गिरी १०) शंकर मघैया ११) शोभा न्यौपाने १२) गीता बलामी १३) रामचन्द्र खड्का १४) प्रकाश श्रेष्ठ ।

यसैगरी बैठकले एक संयोजकसहित निम्नानुसारका व्यक्तित्वहरू सदस्य रहनुभएका आचारसंहिता उपसमिति गठन गऱ्यो : संयोजक सुरेन्द्र ढकाल सदस्यहरूमा १) रामशरण पाण्डे २) कृष्ण राना ३) रामचन्द्र खड्का ४) लक्ष्मण फुयाल ५) राजु गिरी ६) तेजेन्द्र प्रसाइ ७) कविता आचार्य ८) डम्बरविक्रम कार्की

बैठकले राष्ट्रवादी चलचित्र काँडेतारलाई सेन्सर बोर्डले नेपाल भारत सम्बन्धमा आँच आउँछ भन्दै प्रदर्शन गर्ने अनुमति नदिने निर्णय गरेकोमा त्यसको घोर भर्त्सना गर्दै एक प्रेस सम्मेलन गरी त्यस्तो निर्णयको विरुद्धमा आन्दोलन गर्ने निर्णय गऱ्यो । प्रेस सम्मेलनको लागि छिट्टै आवश्यक व्यवस्था मिलाउन बैठकले कविता आचार्यको संयोजनमा रामचन्द्र खड्का, शंकर मघैया र शोभा न्यौपाने रहनुभएको एक व्यवस्थापन टोलीलाई जिम्मा दियो ।

बैठकमा विशाल नेपाल महाअभियानको भ्रष्टाचार र राष्ट्रघात विरुद्ध, पर्यावरण र सुशासन पक्षीय आन्दोलनलाई कसरी अगाडि बढाउने भन्ने बारेमा रामशरण पाण्डे, नवल खड्का, ऋषिकेषजंग शाह, घनश्याम मिश्र, डम्बरविक्रम कार्कीलगायत अन्य विशाल नेपाल महाअभियानका योद्धाहरूले छोटो छोटो मन्तब्य राख्नुभएको थियो ।

## शोधनान्तर...

आर्थिक वर्षभित्रै सबैभन्दा बढी १ खर्ब ९ अर्ब रूपैयाँ रेमिट्यान्स भित्रिएको हो ।

कोभिड महामारीको असर एवम् लगत्तै शुरु भएको रुस युक्रेन युद्धको असर स्वरूप गत आवमा नेपालको बाह्य अवस्था एकदमै खराब अवस्थामा थियो । अघिल्लो आवदेखि लगातार घाटामा रहेको देशको शोधनान्तर स्थिति चालु आवको तेस्रो महिनादेखि भने लगातार सकात्मक छ । शोधनान्तर स्थिति भनेको नेपालमा भित्रिने र नेपालबाट बाहिरिने रकमको वास्तविक तथ्यांक हो । राष्ट्र बैंकको चालु आवको पछिल्लो ९ महिनाको तथ्यांक अनुसार देशको शोधनान्तर अवस्था क्रमशः सुधार हुँदै गएको छ । चालु आवको पहिलो महिना २२ अर्ब ६३ करोड रूपैयाँ, दोस्रो महिना २३ अर्ब ६८ करोड रूपैयाँले नकारात्मक रहेकोमा तेस्रो महिनादेखि सकारात्मक हुन थालेको हो । असोज महिनामा १२ अर्ब ४३ करोड रूपैयाँले सकारात्मक रहेको शोधनान्तर अवस्था कार्तिकसम्ममा आइपुग्दा २० अर्ब ३ करोड रूपैयाँ र मंसिर महिनासम्म पुग्दा ४५ अर्ब ८४ करोड रूपैयाँले सकारात्मक हुन पुगेको हो । चालु आवको पुसमा ९७ अर्ब १० करोड रूपैयाँ बचतमा रहेको शोधनान्तर स्थिति माघमा आउँदा थप सुधार भएर १ खर्ब ३३ अर्ब २१ करोड रूपैयाँ र फागुनमा अझ सुधार भएर १ खर्ब ४८ अर्ब ११ करोड रूपैयाँ पुगेको हो । तेस्रो त्रैमासको अन्त्यसम्म अर्थात चैत्र मसान्त सकिंदासम्म देशको शोधनान्तर अवस्थामा क्रमशः सुधार हुँदै १ खर्ब ८० अर्ब रूपैयाँले सकारात्मक बनेको हो । शोधनान्तर स्थिति सकारात्मक हुनुको अर्थ नेपालको बाह्य अवस्था विस्तारै सुविधाजनक अवस्थामा पुग्नु हो ।

गत वर्ष शोधनान्तर अवस्था अत्यन्तै नकारात्मक बनेपछि १० वटा वस्तुको आयातमा प्रतिबन्ध लागेको थियो। वैदेशिक मुद्रा सञ्चिति विस्तारै सकारात्मक बन्दै गएपछि क्रमशः आयात खुकुलो बनाउँदै लगेकोमा पछिल्लोपटक सरकारले पुस १ गतेदेखि लागू हुने गरी मदिरा, मोबाइल र सवारी साधनको आयात खुला गरेको थियो । राष्ट्र बैंकले पनि धेरै विलासिताका वस्तुको आयातको लागि एलसी खोल्दा नगद मार्जिन राख्नुपर्ने प्रावधान समेत खारेज गरिसकेको छ । राष्ट्र बैंक र सरकारले लगाएको नगद मार्जिन र आयात प्रतिबन्ध फुकुवा गरेर आयात खुला गरे पनि व्यापारीहरूले आयात गर्न सकिरहेका छैनन । व्यापारीहरूका अनुसार बजारमा सामानको माग नहुनु एवम् बैंकको ऋणको व्याज दर अहिले पनि उच्च विन्दुमा रहेकाले बजार अझै सुस्त नै रहेको छ । रेमिट्यान्स बढ्ने र आयात घट्ने हुँदा स्वाभाविक रूपमा देशको ढुकुटी सकारात्मक बन्न पुगेको हो ।

फागुन मसान्तसम्म १० अर्ब ६९ करोड अमेरिकी डलर विदेशी मुद्रा सञ्चिति रहेकोमा चैत्र एक महिनाको अवधिमा २५ करोड डलरले बढेर चैत्र मसान्तसम्म १० अर्ब ९४ करोड डलर पुगेको छ । चालु आर्थिक वर्षको चैत्र मसान्तसम्म आउँदा रेमिट्यान्स आप्रवाहमा समेत वृद्धि देखिएको छ । नेपालबाट वैदेशिक रोजगारमा जानेको संख्यामा वृद्धि हुनु एवम् अमेरिकी डलरको मूल्य उच्च रहनु जस्ता कारणले पछिल्लो समय रेमिट्यान्स आप्रवाह समेत मासिक १ खर्बको हाराहारीमा भइरहेको छ। बजारमा मन्दीको असरस्वरूप सामानको माग नहुँदा आयात व्यापार भने १८.१ प्रतिशतले घटेको छ। यसको सकारात्मक असर समेत शोधनान्तर अवस्था सकारात्मक बन्न पुगेको हो । नेपालले रेमिट्यान्स आप्रवाहका लागि गरेको विभिन्न प्रयासमध्ये वैदेशिक रोजगारमा गएका कामदारलाई आइपीओमा कोटा छुट्याउने नीति पनि एक हुन । आइपीओ कोटाले गर्दा समेत रेमिट्यान्स बढ्न सघाउ पुगेको हो । चालु आवको चैत्रसम्म आइपुग्दा ९ खर्ब ३ अर्ब ३९ करोड रूपैयाँले रेमिट्यान्स भित्रिएको छ । मंसिर महिनादेखि हरेक महिना १ खर्बभन्दा बढी रेमिट्यान्स भित्रिइरहेको राष्ट्र बैंकको तथ्यांकले देखाउँछ ।

नवौं महिनासम्म आइपुग्दा देशको कुल विदेशी मुद्रा सञ्चिति १० अर्ब ९४ करोड अमेरिकी डलर पुगेको छ । देशमा विद्यमान मुद्रा सञ्चितिले ९.४ महिनाको वस्तु तथा सेवा आयात गर्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ । आयात १९.१ प्रतिशत प्रतिशत घट्दै जानु एवम् निर्यात समेत २६.३ प्रतिशतले घट्दै जाँदा देशको समग्र व्यापार घाटा अघिल्लो आवको सोही महिनाको तुलनामा १७.१ प्रतिशतले खुम्चेर १० खर्ब ८३ अर्ब २३ करोड रूपैयाँ पुगेको छ ।

अमेरिकी डलर हरेक दिन बलियो हुँदै जाँदा चालु आवको पहिलो महिनामा रेमिट्यान्स पनि बढेको देखिएको छ । देशमा श्रावणमा ९२ अर्ब २१ करोड, भदौंमा ९४ अर्ब २१ करोड, असोजमा पनि ९४ अर्ब १ करोड, कार्तिकमा ९६ करोड ९९ लाख रूपैयाँ, मंसीरमा १ खर्ब २ अर्ब ४६ करोड, पुस महिनामा १ खर्ब ४ अर्ब ५७ करोड रूपैयाँ, माघ महिनामा १ खर्ब ४ अर्ब ८ करोड रूपैयाँ, फागुनमा १ खर्ब ४ अर्ब ४४ करोड रूपैयाँ र चैत्रमा १ खर्ब ९ अर्ब रूपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको छ । चैत्र महिनाको रेमिट्यान्सको वृद्धिदर अघिल्लो वर्षको सोही महिनाको भन्दा २४.२ प्रतिशतले बढी हो ।

चैत्र महिनासम्म नेपाल भित्रिएका पर्यटकहरूबाट ४४ अर्ब १७ करोड रूपैयाँ आम्दानी गरे पनि नेपालीहरू विदेश भ्रमण एवम् अध्ययनको लागि भनेर ९१ अर्ब ६० करोड खर्च गरेका छन् । नेपालको खुद सेवा आय ५६ अर्ब २६ करोडले घाटामा रहेको छ ।

चैत्र महिनामा आयात व्यापारमा कमी आएर खुद व्यापार घाटामा कमी आउनु एवम् रेमिट्यान्स आप्रवाहमा समेत सुधार देखिदा देशको शोधनान्तर स्थिति नाफामा गएको छ । बजारमा माग नभएर आयात घट्दै जाँदा र रेमिट्यान्स आप्रवाहमा वृद्धि हुँदा शोधनान्तर स्थिति नाफामा देखिनु सकारात्मक देखिए पनि बैंकको व्याज दर विस्तारै बढ्दै जाँदा पुनः आयात वृद्धि भएर वैदेशिक मुद्रा सञ्चिति रित्तिदै जाने खतरा भने कायमै रहेको छ ।

विदेशबाट धेरै भन्दा धेरै लगानी भित्रयाउनु पर्नेमा चालु आवको ९ महिनासम्म २ अर्ब ६२ करोड रूपैयाँ मात्रै वैदेशिक लगानी भित्र्याएको छ । अहिले सामानको माग नै नभएर आयातमा कमी आउनु एवम् रेमिट्यान्को वृद्धिदर सकारात्मक रहँदा विदेशी मुद्रा सञ्चिति सन्तोषजनक रहे पनि आगामी दिनमा निर्यातमुखी वस्तु तथा सेवामा सरकारले विशेष ध्यान दिएर यसलाई दिगो राख्नु जरुरी छ ।

## घट्यो...

१७ जनामा सङ्क्रमण देखिएको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले अहिले सङ्क्रमितको अवस्था घट्दो रहेको बताएका छन् ।

'भारतमा पनि सङ्क्रमण घट्न थाल्यो। नेपालमा खोपको प्रभाव देखियो,' उनले भने, 'समुदायमा खोप लगाएमा मानिसको संख्यामा धेरै भएकाले सङ्क्रमण सर्न पाएन। त्यसैले सङ्क्रमण दर घटिरहेको छ।'

विगत एक हप्ताको तथ्याङ्कले पनि कोरोना भाइरसको सङ्क्रमणदर घटेको पुष्टि गर्छ । वैशाख २१ गते ४३ जना, २२ गते १७ जना, २३ गते ७६ जना, २४ गते ३२ जना, २५ गते ५७ जना र २६ गते ५१ जनामा सङ्क्रमण देखिएको थियो । अहिलेसम्म एक सय ४१ जना सक्रिय सङ्क्रमित रहेका छन् । यस्तै १४ जना आइसोलेशन, पाँच जना आइसियु र एक जना भेन्टिलेटरमा उपचाररत रहेका छन् ।

## भ्रष्टाचार...

नेकपा (एकीकृत समाजवादी) निकट अनेरास्ववियुका अध्यक्ष सुदेश पराजुलीले भूटानी शरणार्थी प्रकरणमा सरकारले थालेको अभियानलाई ऐक्यवद्धता जनाएको बताए । उनले यो घटनाको कुनै पनि दबाबमा नपरीकन पक्राउ गरी छानबिन गर्न आग्रह गरे । सरकारले व्यक्त गरेको साहस र दृढता स्वागतयोग्य रहेको र विगतका सबै भ्रष्टाचारको फाइलहरू खोल्नुपर्ने बताए ।

## मिटरब्याजी...

नभएको व्यहोरा सदस्यलाई जानकारी गराएका थिए । यही वैशाख २४ गतेको बैठकमा कानूनमन्त्री गुरुङले सो अध्यादेश प्रतिनिधिसभामा पेस गरेका थिए । उक्त अध्यादेश यही वैशाख २० गते राष्ट्रपति रामचन्द्र पौडेलबाट जारी भएको थियो । सरकारले मिटरब्याज पीडितको समस्या सम्बोधन गर्ने गरी अध्यादेशमार्फत कानुन संशोधन गर्ने निर्णय गरेको थियो । प्रतिनिधिसभाको अर्को बैठक आगामी जेठ १ गते अपराह्न १ बजे बस्नेछ ।

## भारतले...

प्रक्रियामा रहेको' जवाफ दिएर टारिरहेको छ । अधिकारीहरूका अनुसार पोखरा र भारतीय शहरहरूलाई हवाई सेवामा जोड्न भारत इच्छुक छैन । 'तर, अहिलेसम्म भारतले यस्तो अनुमति नै दिएन । खासै सकारात्मक जवाफ पनि आएन' नेपाल नागरिक उड्डयन प्राधिकरण स्रोत भन्छ । १७ पुस २०७९ मा उद्घाटन भएको पोखरा विमानस्थल २ फागुनमा इन्स्ट्रुमेन्ट फ्लाइट रुल्स (आईएफआर) प्रविधिको जडान सकेर पूर्ण सञ्चालनमा आएको थियो ।

विमानस्थल उद्घाटन भएकै दिनमा बुद्धले बनारसबाट पोखरासम्म अन्तर्राष्ट्रिय चार्टर्ड उडान गर्न अनुमति मागेको थियो । उसले काठमाडौं-बनारसकै रुटबाट पोखरामा उडान गर्न चाहे पनि भारतले अनुमति नदिँदा अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन आन्तरिक उडानमार्फत गरिएको थियो । सञ्चालनमा आएको चार महिना बितिसक्दा पनि पोखरामा बुद्धबाहेक अन्य कुनै पनि वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडानका लागि प्रस्ताव गरेका छैनन् । एयर चाइना, थाइ स्माइल एयर, रोयल भुटान एयरलाइन्सले चासो दिएपनि उडान अनुमति लिने प्रक्रियाका लागि पत्राचार गरेका छैनन् ।

भारतले गरेको यो खालको व्यवहार नयाँ भने होइन । माग गरेको लामो समय भइसक्दा पनि भारतले अहिलेसम्म नेपालको हिमालय एयरलाइन्सलाई पनि भारतमा उडानका लागि 'लेटर अफ अथोराइजेसन' दिएको छैन । बुद्ध एयर र नेपाल एयरलाइन्सलाई उडानका लागि यस्तो आधिकारिता दिएपनि चिनियाँ लगानीकर्ता रहेको हिमालयले अहिलेसम्म भारतमा उडान गर्ने मान्यता पाएको छैन । दुई नयाँ अन्तर्राष्ट्रिय विमानस्थल पोखरा र भैरहवालाई अत्यावश्यक रहेको पश्चिम नेपालका भैरहवा, नेपालगञ्ज र महेन्द्रनगरका हवाई प्रवेश विन्दु र रुटबारे भारतले छलफल नै गर्न चाहेको छैन । भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पनि अब भारतीय शहरसँग उडानमार्फत जोडिने तयारीमा छ । हालसालै नेपाली एयरलाइन्सले भैरहवाबाट दिल्लीमा उडानका लागि पहिलोपटक भारतलाई प्रस्ताव गरेको छ ।

## आइएफआरसी...

गए राति सम्पन्न आइएफआरसीको गभर्निङ बोर्डको बैठकले पहिलो पदावधि समाप्त हुनु एक वर्ष अगाडि नै उनलाई दोस्रो कार्यकालका लागि पुनः चयन गर्ने निर्णय गरेको हो । सो बोर्डमा विश्वका २९ देश सहभागी रहेको बताइएको छ । चापागाईंले सन् २०२८ को जनवरीसम्म आइएफआरसीको सर्वोच्च पदको नेतृत्व गर्ने छन् । आइएफआरसीले आफ्नो कार्यादेशअनुसार जलवायु परिवर्तनले निम्त्याएका, प्राकृतिक तथा मानव सिर्जित विपद् न्यूनीकरण र पीडितलाई अनवरत रूपमा मानवीय सहयोग गर्दै आएको छ ।

तीन दशकभन्दा बढी समय मानवीय सेवामा तल्लीन चापागाईंले गत महिना नेपाल भ्रमणका क्रममा नेपाल रेडक्रस सोसाइटीलाई ३० नयाँ र १५ स्तरोन्नति गरिएका एम्बुलेन्स हस्तान्तरण गरेका थिए । विश्वका एक सय ९२ देशका रेडक्रस आइएफआरसीमा आबद्ध छन् । सल्फेरिनो युद्धका पीडाले छट्पटाइरहेकालाई मानवीय सेवा स्वतःस्फूर्त प्रदान गर्न जँ हेनरी ड्युनाले सन् १८६३ मा रेडक्रस स्थापना गरेका थिए । युद्ध र युद्धका परिणाम, प्राकृतिक तथा मानव सिर्जित विपद्, विपद्ले सिर्जना गरेका असर, गरिबी, भोकमरी, विषमता न्यूनीकरण, सङ्कटासन्न समुदायलाई उत्थानशील बनाउनेलगायत क्षेत्रमा आइएफआरसीले मानवीय सहायता प्रदान गर्दछ। सात लाखभन्दा बढी कर्मचारी र झण्डै दुई करोड स्वयंसेवकको माध्यमबाट करिब एक अर्ब जनसङ्ख्यालाई आइएफआरसीले बर्सेनि मानवीय सहायता पुऱ्याउने गरेको छ। साथै रेडक्रस अभियानले मूलभूतरूपमा मानवता, निष्पक्षता, तटस्थता, स्वाधीनता, स्वयंसेवा, एकता र विश्वव्यापकता जस्ता आधारभूत सिद्धान्तद्वारा निर्देशित भई सेवा गर्ने गर्छ।

## काँडेतार...

अभिनेता नवल खड्काद्वारा निर्मित नेपाली कथानक चलचित्र 'काँडेतार' ले मुख्यतय देशभक्ति भावना बोकेकाले सरकारले त्यसमाथि कड्के नजर लगाएको सो पत्रकार सम्मेलनमा जानकारी गराइयो । चलचित्रका नायक नवल खड्काले सरकारले फिल्मका विभिन्न दृश्यहरू हटाउन दबाब दिएको उपस्थित पत्रकारहरूलाई जानकारी गराए । तीन करोड रुपैयाँभन्दा बढी लागतमा निर्माण भएको काँडेतारका दृश्यहरूमाथि सरकारले कैंची चलाएर चलचित्रलाई निकम्मा बनाउन खोजेको उनको आरोप थियो ।

खुला सीमाका कारण नेपाली भूभाग भारतले मिचेको र नेपालमा अपराधिक घटनाहरू समेत बढ्काले सिमानामा काँडेतार लगाएर नेपाली भूभाग जोगाउनु पर्ने फिल्मको सन्देश रहेको उनले जानकारी गराए । 'यदि सीमा सुरक्षा नगर्ने हो भने नेपाल भूगोलमा होइन, गुगलमा मात्र भेटिनेछ' नायक खड्काले भने । सो पत्रकार सम्मेलनमा स्वागत मन्तव्य विशाल नेपालका अभियन्तामध्येका रामशरण पाण्डेले राखेका थिए । सो अवसरमा विशाल नेपाल महाअभियानका संयोजक समेत रहेका विशाल नेपालका अभियन्ता सुरेन्द्र ढकालले प्रेस विज्ञप्ति पढेर सुनाएका थिए भने कार्यक्रमको सञ्चालन महाअभियानका अभियन्ता तेजेन्द्र प्रसाईंले गरेका थिए ।